नेवारहरू हिन्दू तथा बौद्ध धर्मप्रति आस्थाबान रहेका पाईन्छ । यिनीहरू धर्मप्रति निष्ठावान् रहेका हुन्छन् । यिनीहरू हिन्दू धर्मका देवीदेवताहरूको साथै बुद्ध धर्मप्रंति आस्था र विश्वास जनाउाछन् । यिनीहरूको समाज मुसलमान समाजमा जस्तो धार्मिक गुरु, पुरोहितद्धारा नियन्त्रित रहेको हुादैन । तर पनि कर्मकाण्डप्रति भने अत्यन्त विश्वास रहेको पाईन्छ । नेवार समुदायमा गुठी रहेको

पाईन्छ । गुठीको प्रमुख व्यक्तिलाई **“नाय”** भनिन्छ । यिनकै नेतृत्वमा नेवार समुदायको सामाजिक संस्कारहरू सम्पन्न हुादै आएको पाईन्छ । आफनो छुट्टै जातिय र भाषिक अस्तित्व बोकेका नेवार समुदायको सामाजिक अवस्था राम्रो देखिन्छ । तसर्थ समग्ररुपमा यस क्षेत्रका नेवार जातिका पनि अन्य जातिको तुलनामा केही बेग्लै खालको सामाजिक पहिचान र विशेषता रहेको पाईन्छ ।[40]

## ४.१ शारिरीक बनोट र लुगाफाटा :

नेवारहरू आर्यन वा मंगोल के हुन् भनेर निश्चित नभएका जातिको रुपमा चिनिन्छन् । तर पनि यस जातिको शारीरिक बनोट सर्लक्क परेको शरीर, लामा लामा हातगोडा, गाला केही लाम्चो, फुकेका गर्धन, पिठ्यू, छाती चौडा र लाम्चो आकारको  हुन्छ । पुरुषहरू विशेषगरी जुागा राख्ने गर्दछन् भने दाह्री पाल्ने चलन पाईदैन । पहिरनमा नेवार समुदायको आफ्नो विशेष पहिरन भएतापनि यस क्षेत्रका नेवार समुदायहरूले त्यस किसिमको लुगाफाटा विरलै कम लगाउने गर्दछन् । यस क्षेत्रका अर्धबैंस पुरुषहरूले सर्ट, पेन्ट, महिलाहरूले सारी, व्लाउज, चोलो लगाउाछन भने बृद्धहरूले दौरा सूरुवाल स्टकोट लगाउाछन । तर आजभोलि भू-मण्डलीकरणको युग भएको कारणले गर्दा धेरै जसो युवा युवतीहरू सबै पश्चिमी सभ्यताबाट प्रभावित भई त्यस किसिमका लुगाफाटाहरू लगाउाछन ।[41]

## ४.२ खानपान :

नेवार बिग्रे भोजभतेरले भन्ने किवंवन्दती यस क्षेत्रका नेवार समुदायमा पनि लागु भएको पाइन्छ । खानपानमा विशेष सर्तकता अपनाएको देखिन्छ भने कुनै खानेकुरामा बन्देज भने लगाइएको पाईदैन । यहााका नेवार समुदायको खानापानमा साधरणतया दालभात, तरकारी मासु, साग, सव्जी, चिया, दुध, दही आदि रहेको छ । चिउरा, मासु, भट्ट र रक्सी प्रमुख खानपानको रुपमा मानिन्छ । यिनीहरू प्रायः गरेर माासाहारी हुन्छन् । यिनीहरूमा एकअर्कोको जुठो खाने चलन हुदैन् । फरक-फरक भााडामा राखेर खान्छन् । यस क्षेत्रका नेवार समुदायहरूमा प्राय गरेर राागो वा पाडो काटेर मासु खाने प्रचलन वढी देखिन्छ । महिनामा

---

[४०] अर्जुन गुरुङ (घले), **मियाँपाटन पोखराका मुसलमानहरूको ऐतिहासिक चिनारी- एक अध्ययन,** स्नातकोत्तर सोध पत्र, त्रि.वि.वि., वि.सं. २०६०, पृ.३२ ।

[४१] श्री चेत बहादुर श्रेष्ठ, बर्ष ६०, सँगको अन्तरवार्तामा आधारित ।

दुईवटा राागो (भैसीको पाडो) मिलेर काट्दछन् । नेवारी संस्कारमा भोज महत्वपूर्ण अङ्ग भएको हुनाले यस क्षेत्रका नेवारहरूले भोज तथा अन्य कार्यमा निम्न प्रकारका खानेकुराहरू खाने गर्दछन्स

| | |
|---|---|
| बजि | चिउरा |
| तीला | पकाएको झोल भएको मासु |
| छुस्यामुस्या | बोडी, केराउ, वा सिम्पु गेडागुढी |
| लोसाः | मुला,लप्सी,केराउ, आलु वा अन्यको अचार |
| तरकारीः | आलु-काउलीको तरकारी/आलु-तामाको तरकारी |
| क्वातीः | सात थरी गेडागुढी मिसाएर बनाइएको तरकारी |
| छोयलाः | मसला, नुन खुर्सानी मिसाएर बनाइएको मासुको एक प्रकार |
| धौः | दही |
| ऐलाः | रक्सी |
| बः मरी : | मासको रोटी |
| चटामारीः | चामलको रोटी |
| यमारीः | चामलको भुड्के रोटी |
| कचिलाः | काचो मासुमा नुन, मसला, खुर्सानी मिसाएर बनाईको मासुको प्रकार |
| लाभापालुः | अदुवा, लसुन |
| मुस्याः | कालो भट्ट |
| सिन्कामारीः | चामलको पिठोबाट बनाइएको एक प्रकारको रोटी ।[४२] |

## ४.३ खानपान गर्ने भाडाहरू :

नेवारहरूको आफ्नै किसिमको खानपान गर्ने परम्परा र प्रयोग गर्ने भााडाकुडाहरू रहेका छन् जसले नेवारी संस्कृतिलाई झल्काउन मद्धत पुऱ्याईरहेका छन् । यस क्षेत्रका नेवार समुदायहरूले आफ्नो भान्छाघरमा प्रयोग गर्ने केही प्रमूख भाडाकुडाहरू यसप्रकारका छन् ।

| | |
|---|---|
| तलिः | ताउलो |
| तलीबाटाः | तामाको रक्सि बनाउने भााडो |

[४२] ऐजन ।

| | |
|---|---|
| घः | गाउरी |
| पायोः | अंखरा/करुवाः |
| तसलाः | आरी (एक प्रकारको बाटा) |
| जासी : | कसौडी |
| बार्चाः | कटौरा |
| गोल्धाः | गिलास |
| चम्चाः | चम्चा |
| चरेसको भूः | चरेसको थाल |
| घधाः | डाडु |
| कसुलाः | पनियो |
| चुलेसीः | कुई (तरकारी तथा मासु काट्नको लागि प्रयोग हुने औजार) |
| स्याई : | चक्कु |
| ईंचाः | आासी ।[४३] |

माथि उल्लेखित भााडाकुडाहरू नेवारी भान्छाघरमा रहेतापनि आजभोलि आधुनिक किसिमको भााडाकाुडाहरू भान्छाघरमा प्रयोग हुन थालेका छन् ।

## ४.४ भाषा :

नेवारहरूको आफनै भाषा र लिपि छ । नेवारी समुदायहरूले प्रयोग गर्ने भाषा नेपाल भाषा हो अर्थात् नेपाल भाषा नेवारहरूको मातृभाषा हो । नेपाल भाषा विब्बत बर्मेली भाषा परिवारमा पर्ने एक भाषा हो । नेपाल भाषालाई नेवारहरूले नेवाः भाषा भन्छन् भने नेपालीमा नेवारी भनिन्छ, तर यो नेपाल भाषाको विग्रेको स्वरुप हो । नेपाल भाषा तिब्बत बर्मेली भाषा परिवारमा पर्न गएता पनि यसको धेरै शब्दहरू चिनिया भाषासाग मिल्दो जुल्दो छन ।[४४]

नेवार समुदायले प्रयोग गर्ने नेवारी भाषा वा नेपाल भाषाको सम्वन्धमा केही तथ्यहरू अंग्रेजीमा लेखिएको छ ।

त्जभ लभधबचक ल्भउर्बा द्यजबकजब, ब ज्ञबबिथबल बिलनगबनभ या त्ष्दभतय(द्यगक्बल दचबलअज या तजभ क्ष्लय(त्ष्दभतबल नचयगउ। क्ष्त जबक दभभल ष्लअययचचभअतथि अर्बाभिम दथ तजभ तभचक ुल्भधबचष् दथ धभकतभचलभचक बलम लयल(ल्भधबचक या ल्भउर्बा ाचयफ तजभ खभचथ

[४३] श्री शेरबहादुर श्रेष्ठ, बर्ष ७० सँगको अन्तरवार्तामा आधारित

[४४] डव्लु. डव्लु. डव्लु. नेपाली वीकिपिडिया. डट. कम. बाट ।

दभनष्ललष्लन या जष्कतयचथ या ल्भउर्बा ष्त जबक दभभल पलयधल बक ल्भउर्बा द्यजबकजब। ब्अयचष्लन तय तजभ चभकभबचअज ष्लमष्लन यल तजष्क बिलनगबनभ ष्त ष्क उचयखभम तजबत ल्भउर्बा द्यजबकजब कजबचभक तजभ ाभबतगचभ या ष्च्बलत बलम त्ष्दभतबल मष्बभिअतक या ल्यचतजभचल ज्ञबबिथबल। त्जभ अर्यायियगर्ष्बा तभचक गकभम दथ लबतष्खभ कउभबपभचक ष्क ल्भधबबज द्यजबबखभ। क्षत अयलकष्कतक या ाष्खभ गबवयच मष्बभिअतक बलम कभखभचर्बा कगद( मष्बभिअतक कउयपभल दथ ल्भधबचक ष्खिष्लन तजचयगनजयगत तजभ अयगलतचथ।[४५]

यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदायहरूले उक्त नेवारी भाषा नै प्रयोग गरेको पाईन्छ । नेवार समुदायहरूले घरायसी तथा पूजाआजामा आफनै मातृभाषाको प्रयोग गर्दछन् भने अन्य समय र ठााउमा नेपाली भाषाको प्रयोग गरेको पाइन्छ । प्राय गरेर अर्धबैंसे पुरुष तथा महिलाहरूले नेवारी भाषाको प्रयोग गरेको पाईन्छ भने युवाहरू आफ्नो मातृभाषाको प्रयोग त्यति गरेको पाइदैन् । तसर्थ युवापुस्ताप्रति यस भाषालाई हस्तान्तरण गर्नको लागि नेवाःखल कास्की र राधाकृष्ण युवा क्लवको संयुक्त साझेदारीमा नेवारी भाषाका कक्षाहरू बेलुका संचालन हादुै आएका छन् । तर भाषा सम्वन्धी कुनै लिखित दस्तावेज छैन् ।[४६]

## ४.५ सहयोगको भावना :

यस क्षेत्रका नेवार समुदायहरूले मानवता नै सबैभन्दा ठूलो धर्म हो भन्ने भावनालाई राम्रोसाग बुझेका छन् । यो क्षेत्र विभिन्न जात-जाति, भाषा-भाषि र विभिन्न परम्परा भएका मानिसहरूको बसोबास भएको क्षेत्र हो । यस क्षेत्रमा आजभोलि नयाा नयाा ठाउबाट बसाई सरी आएका मानिसहरू बसोबास गर्ने थलोको रुपमा यस क्षेत्र विकसित भएको छ । यस्तो अवस्थामा पनि यहााका नेवार समुदायहरूमा एक अर्को प्रति सहयोग र आदर गर्ने कार्य उनीहरूको खानदानी परम्परा नै हो । यिनीहरूले एक अर्का प्रति विश्वास र आदर गर्छन । यस क्षेत्रका नेवार समुदायहरूमा एक अर्कोको विवाह, व्रतवन्ध, भोजभतेर आदिमा पूर्णरुपले सहयोग गर्ने परम्परा रहेको छ  भने मृत्यु संस्कारमा दिलदेखि नै दुःख बाड्ने चलन रहेको छ । यसका साथ दिनदुःखीहरूलाई उद्धार गर्ने कार्यमा हर तरिकाबाट सहयोग गरिरहेको पाईन्छ । संक्षेपमा यस क्षेत्रका नेवार

---

४५ ऐजन ।

४६ श्री आर्जन कुमार श्रेष्ठ, वर्ष ३८, सँगको अन्तरवार्तामा आधारित ।

समुदायहरूले मानिसका दुख सुखका हर पलमा कुनै जात, भाषा, वर्ण, धर्म आदि नहेरीकन सबै एकजुट भई सहयोग गर्ने उनीहरूमा खानदानी आदत रहेको छ ।[४७]

## ४.६ नारीको स्थिति :

नेपाली समाज पुरुषप्रधान भएको हुनाले प्राचीनकालदेखि नै नारीहरूले कुनै न कुनै रुपमा शोषणको शिकार हुनु परेको छ । पुरुषले नारीलाई देवी, लक्ष्मी, भगवती जे जस्तो रुपमा मान्यता दिए तापनि व्यवहारमा त्यस अनुरुपको आचरण गरेको पाइदैन । एक्काइसौं शताव्दीको संघारमा उभिएको नेपाली नारीहरू आफ्नो अधिकारको लागि कानूनविद् पुरुषको ढोका ढकढकाइ रहेका छन् । तर थाह छैन, ढोका कहिले खुल्ने हो ? नारीको जीवन त्यागमय र पवित्र भएकोले नेवार समुदायमा नारीको स्थानलाई उच्च साथ मुल्याङ्कन गरेको छ । समाजमा नारीको आदर सम्मान गरिन्छ । स्त्रीको ममता, दानशिलता र त्यागमय सेवामा नै परिवारको उन्नती हुन्छ भन्ने कुरालाई राम्रो संग बुझेका छन् । नेवार समुदायमा परीवारको स्रोत जुटाउने जिम्मा नारीको नभए तापनि घरको सम्पूर्ण कामको जिम्मा नारीको रहेको देखिन्छ । नेवार समुदायका नारीहरूको अवस्था आजभन्दा १५, २० वर्ष अगाडि अत्यन्त कठिन थियो भने अहिले आएर सजिलो भएको छ । सबै सानोतिनो व्यापार गरी आम्दानी गरेका छन् । जसले गर्दा नारीहरूको अवस्थामा केही सुधार आएको पाईन्छ । आज भोलि समाजमा नारीलाई उच्च स्थान दिएको पाईन्छ । उनीहरू राजनीतिक क्षेत्रमा अझ अगाढी वढ्न सकेको पाईदैन । सामाजिक क्षेत्रमा आफै बढेका देखिन्छन । सामाजिक क्षेत्रमा उनीहरू आफ्ना हकहितका लागि अनि आर्थिक अवस्थामा सुधार ल्याउनको लागि सामुदायिक बचत केन्द्रको रुपमा समुह निमार्ण गरी साना साना आय आर्जनमुलक कार्यहरू पनि गर्न थालेका छन् । आमा समूह गठन गरेका छन् जसको माध्यमबाट यस क्षेत्रमा सरसफाई, सामाजिक विकृति-विसंगतिहरू नियन्त्रण गर्ने अभियानमा यहााका महिलाहरू लागेका देखिन्छ । वर्तमान समयमा नारीहरूको अवस्थामा केही सुधार भएको पाईन्छ ।[४८]

## ४.७ पारिवारीक व्यवस्था :

[४७] श्री योगेन्द्रमान श्रेष्ठ, बर्ष ५३, सँगको अन्तरवार्तामा आधारित ।
[४८] श्री मखनलाल श्रेष्ठ, बर्ष ५० सँगको अन्तरवार्तामा आधारित ।

मानव सभ्यताको विकास नै परिवारबाट भएको हो । संयुक्त परिवार बहुविवाह, पितृप्रधान, सम्पत्तिको बैधता नेपालको परिवार व्यवस्थाका मुख्य आधार भए जस्तै यस क्षेत्रका नेवार समुदायको परिवारको व्यवस्था संयुक्त परिवार नै रहेको पाइन्छ । यस्तै परिवारमा बस्न पनि रुचाउाछन् । यो संयुक्त पारिवारीक व्यवस्था आजभोलि विस्तारै-विस्तारै हट्दै जान लागेको देखिन्छ । खासगरी उद्योगधन्दाको विकास, एकल परिवारबाट वढी फाईदा हुने भएको हुादा पाश्चात्य संस्कृतिको प्रभावले गर्दा संयुक्त परीवारप्रतिको आकर्षण यस क्षेत्रका नेवार समुदायमा घट्दै गएको पाइन्छ ।

## ४.८ घरबास :

विभिन्न जातका मानिसहरू एक-एक वहाल वा टोलमा बसोबास गर्ने परम्परा नेवारी घरबस्तीको विशेषता मान्न सकिन्छ । नेवारहरूको टोल, गल्ली, चोक, वहाल, आागन बनाएर समूहमा रहने, घर पनि टाासिएर लहरै जोडेर बनाई बस्ने चलन छ । तर कुडहर क्षेत्रमा बसोबास गर्ने नेवार जातिहरू शहरी क्षेत्रको नजिकमा बसोबास गरेको पाईन्छ । काठमाडौमा पुरानो नेवारी परम्परा अनुसार घर बस्ती बसााउदै लैजादा नेवार जातिहरू बस्तीको पुछारमा बस्न पुगेको पाईन्छ । तर पोखराका अन्य नेवार बस्ती लगायत कुडहरमा भने यस्तो बस्ती विभाजन हाल आएर पाउन सकिदैन । गरीवहरूको प्रायः जसो सानो किसिमको ढुङ्गा माटाको जडानबाट टिनको छानो हाली बनाइएको पाईन्छ । धनी मानिसहरूको घर भने आधुनिक निर्माण सामाग्रीहरूबाट निमार्ण गरी बनाइएको पाईन्छ । यस क्षेत्रका समुदायहरूमा आजभोली ढुङ्गा माटोबाट जडान गरीएको घरहरू विरलै पाईन्छ । आजभोलि सबैका घरमा भान्छाकोठा, सुत्नेकोठा, बैठककोठा, ट्वाईलेट, वाथरुम फरक फरक निमार्ण गरिएको पाईन्छ । पहिला-पहिला ढुङ्गा माटाले बनेको घरमा रातो माटाले विहानै सबै पोत्ने गरिन्थ्यो तर आजभोली भने धेरै जसो घरहरू सिमेन्ट जडान गरी बनेको हुादा पानीले सबेरै पुछ्ने कार्य गरिन्छ । यहााका धेरै जसो नेवार समुदायहरू मध्यम स्तरका रहेका छन् । जसको कारणबाट यिनीहरूको घर एक तलादेखि दुई तलासम्म भएको पाईन्छ । नेवारहरूको घरको हरेक तलामा विभिन्न नाम दिने चलन रहेको पाईन्छ । यो पनि यस क्षेत्रका नेवार समुदायहरूको एक विशेषता नै हो । भुईतलालाई **घेली,** एकतललालाई **मातं**, दुईतलालाई **च्वत तथा** माथिल्लो

तलालाई **बैग** भनिन्छ । यिनै तलाहरूको उपयोग पनि विशेष कामको लागि प्रयोग गरेको पाईन्छ । आजभोलि यस क्षेत्रका नेवार समुदायहरूको आर्थिक स्थितिमा केही सुधार आएको कारणबाट हरेकको घरमा रंगिन टिभि, प्राय गरेर धेरैको घरमा टेलिफोन, सबै जसोसंग मोवाईल फोन भएको देखिन्छ धेरै परिवारसाग यातायातको साधनको रुपमा मोटरसाईकल पनि रहेको छ । कार, जीप पनि केही परिवारांग रहेको पाईन्छ । हरेक परिवारमा खानेपानीको धाराको सुविधा, विद्युतको सुविधा भएको पाइन्छ ।[४९]

## ४.९ नेवारी जातिको नातेदारी :

यिनीहरूको नाता सम्बन्धमा शव्द उनीहरूकै भाषामा रहेको पाईन्छ । नेवार समुदायमा नातेदारी व्यवस्थाको महत्व ज्यादै छ । यस जातिको हरेक चाडपर्व, शुभ कार्य सबैमा नातेदारी महत्व हुन्छ । यस जातिको नाता सम्बन्धमा विभिन्न शब्दहरू प्रयोग भएता पनि दाजुभाइ र दिदीबहिनीको सन्दर्भमा निश्चितता रहेको पाइन्छ ।[५०] नेवार समुदायको कुनै पनि चाडपर्व र भोजभतेर भयो भने नातेदार बोलाएर भोज खुवाउछन । यो यिनीहरूको परम्परादेखि नै चलिआएको चलन हो । छोरीबेटी फुपू, मामा, दाजुभाइलाई  चाडपर्व तथा पूजामा बोलएर भोज खुवाउाछन् । विभिन्न संस्कारहरू नातेदारीहरूसाग मिलेर गर्दछन् । मृत्यु संस्कार सम्पन्न गर्दा पनि नातेदारीको सबैभन्दा बढी आवश्यक पर्दछ । त्यस समयमा सबै सामान जुटाउने, खाना खुवाउनेदेखि लिएर अन्य महत्वपूर्ण कार्य समेत नातेदारबाट नै सम्पन्न गरिन्छ । जन्म देखि मृत्यु संस्कारहरूमा छोरी, फूपू, ज्वाई, मामा, भान्जा तथा भान्जीहरू आएर सम्पन्न गराउाछन् ।

नेवार जातिमा नातेदारी सम्बन्धमा परेका मानिसहरू सामान्य मानमर्यादामा देख्न सकिन्छ । यिनीहरू नेवारी भाषा बोल्छन प्रायः गरेर बोलीचालीमा  तिमी नै प्रयोग गर्दछन् । आफूभन्दा मान राख्नुपर्ने व्यक्तिलाई मात्र सम्बोधन गरी बोलाइन्छ । यस क्षेत्रका नेवारी समुदाय भित्र प्रयोग हुने नातेदारी सम्बन्धी शव्दहरू निम्न छन् :[५१]

---

[४९] श्री गणेश बहादुर श्रेष्ठ, बर्ष ६५ सँगको अन्तरवार्तामा आधारित ।

[५०] गोपालसिंह नेपाली, **द नेवार्स**, बम्बई, यूनाइटेड एसिया पब्लिकेशन, १९५६, पृ. २६२ ।

[५१] पूर्ववत् पाद्टिप्पणी नं. २ ।

तालिकाः नं.: ५, नेवार जातिको नातेदारी

| नेपाली भाषा | बा | आमा | काका | काकी | भाई | बहिनी | छोरा | दिदी |
|---|---|---|---|---|---|---|---|---|
| नेवारी भाषा | यःजा | यःमा | कका | पिडल | किजा | क्यहै | काय् | तता |
| नेपाली भाषा | छोरी | नाती | नातिनी | फूपू | फूपाजू | बुहारी | सासु | बाजे/बज्यै |
| नेवारी भाषा | म्हयाय् | छ्य | छुई | निनी | पाजु | भौ | स्सःमाा | अजा/अजी |

## ४.१० स्वास्थ्य र औषधी उपचार :

यस क्षेत्रका नेवार समुदाय पनि धर्म र संस्कारमा पूर्णरुपमा विश्वास राख्ने समुदायको रुपमा चिनिन्छन् । कोही बिरामी भएको खण्डमा झारफुक गर्ने प्रचलन रहेको पाइन्छ । यस समुदायमा ग्रह काट्ने र भूत चढाउने परम्परा यद्यपी रहेको छ । त्यस्तै पहिला-पहिला मानिसहरू अशिक्षाको कारणबाट अस्पताल, स्वास्थ्य चौकीमा लाने चलन कम थियो । तर आजभोलि चेतनाको विकास भएको कारणबाट आधुनिक स्वास्थ्य सुविधा लिनुपर्दछ भन्ने मान्यताको विकास भएको छ । जसको कारणबाट उनीहरू त्यसतर्फ आकर्षित भएको पाइन्छ । तर पनि झारफुक प्रति पनि त्यतिकै आस्था र विश्वास भएको देख्न सकिन्छ ।[५२]

## ४.११ सार्वजनिक महत्वका स्थलहरू :

पोखरा उपमहानगरपालिकाभित्र विकासको दृष्टिको कारणले सबैभन्दा पछाडि परेको क्षेत्रको रुपमा यसलाई मानिन्छ । यस क्षेत्रका अधिकाश मानिसहरू व्यापारको साथै कृषि कार्य गर्दछन् । यहाा प्रशस्त मात्रामा पाटीपौवाहरू रहेका छन् । यस्ता पाटीपौवाहरू घामपानीबाट ओतपोत लाग्न, विश्राम स्थलका रुपमा प्रयोग गर्नेदेखि लिएर बटुवा तथा अन्य जोगी महन्तहरूलाई बास बस्नको लागि उपयोगी बनेको देखिन्छ । आजकल कसै-कसैले प्रतिक्षालय भनेर व्यक्तिगत रुपमा बनाइदिएका छन् । त्यसै गरी पुराना वूढापाकाहरूले पर्यावरणीय दृष्टिकोणको साथै घामबाट बच्नको लागि रोपेका वरपिपलका रुखहरू मासिएको

[५२] श्री गणेशमान श्रेष्ठ, बर्ष ५८ सँगको अन्तरवार्तामा आधारित ।

पाइन्छ । तर पनि केही अझै रहेका छन् । जुन पेन्सनरहरूका साथै अन्य वृद्धहरूको दिन काट्ने पवित्र स्थलको रुपमा रहेको छ । पहिले-पहिले यसै क्षेत्रको सीमाना भई वगेको कााहुखोलाबाट नै मानिसहरूले खानेपानीको सुविधा लिने गर्दथे । तर आजभोलि सबैका घरमा धारा जडान भएको कारणबाट यस खोलाको पानी केवल कपडा धुने र खेतीपातीको लागि मात्र प्रयोग गरिन्छ । त्यस क्षेत्र र वाटामा हिड्ने यात्रुहरूका लागि पिउने पानीको सुविधा पुगोस् भनेर ठूलो पानी ट्याङीको निर्माण गरेको छ । यस क्षेत्रका मानिसहरूको दाह संस्कारको लागि रामघाट दाह संस्कार क्षेत्रमा लगिने गरिन्छ भने दाहसंस्कार भईसकेपछि घरमा गरिने १३ दिने कार्यको लागि कााहुखोला नजिकमा काज किरीया घरको निमार्ण गरिएको छ । यसै गरी वि.सं. १८२६ मा निमार्ण भएको भीमसेन मन्दिरमा नेवार समुदायहरूले भिमसेन देवताको पूजा  गर्दछन् । दशैमा राागोलाई बलि चढाउछन् । नेवारहरू काठमाण्डौं चाागुनारायणबाट यस क्षेत्रमा आए तव सबै भन्दा पहिले भीभसेनको मन्दिर निमार्ण गरेको हो । यस मन्दिरको निर्माण चामनारायणले गरेका हुन । यसै क्षेत्रमा राधाकृष्ण मन्दिरको स्थापना गरिएको छ भने यस मन्दिरको विकासका लागि यस क्षेत्रका स्थानीय समुदायहरू लागि परेका छन् ।[५३]

## ४.१२ मनोरञ्जन :

मनोरञ्जन मानव जीवनको अभिन्न अंग मानिन्छ । मानव जातिको उत्पतिसंगै मनोरञ्जन गर्ने प्रकृयाहरूको थालनी हुादैं आएको पाइन्छ । समग्र नेपालको संस्कृति उपर नै दृष्टिगत दिादा यहाा मनोरञ्जन कै निम्ति मनोरञ्जन गरिएको देखिन्न । सामाजिक पर्व, उत्सव, मेला, जात्रा आदिमा सरिक भएर नै प्रायः नेपालीहरूले  मनोरञ्जन गर्दछन् । यस क्षेत्रका नेवार समुदायमा पनि मेला, पर्व, गुफा, पास्नी, विवाह, रुद्री, घरपैंचो, सामुहिक खेतीपाती आदिको अवसरमा भजन गीत, भोज भतेर गरी रक्सी खाई मनोरञ्जन गर्दछन् । दशै तिहारमा राती अवेरसम्म तास खेल्ने परम्परा पनि रहदैं आएको छ ।

---

[५३] पूर्ववत् पाद्टिप्पणी नं. ४ ।

साास्कृतिक पक्ष कुनै पनि जातीय परम्पराको आफ्नो सही पहिचान हो । यस क्षेत्रका नेवार समुदाय भोज, भतेर र भजन गाउन मन पराउने जाति हो । गाईजात्रा, गठेमङ्गल तथा श्री कृष्णजन्माष्टमी पर्वको उपलक्ष्यमा गरिने कृष्णलीला, भजन, फागु, पूर्णिमामा खेलिने फागुको साथै विवाह, व्रतवन्ध आदिमा गरिने क्रियाकलापहरू अत्यन्त उल्लासमय वातावरणमा मनाउाछन ।

## ४.१३ नेवार समुदायको शैक्षिक अवस्था :

मानव जीवनमा विद्याको विशिष्ट स्थान छ । विद्या एउटा यस्तो मार्ग हो जसले मानिसलाई कुमार्गमा लाग्नबाट बचाएर सही मार्गको अनुशरण गराई आर्थिक तथा मानसिकरुपबाट सुखमय बनाउाछ । विद्याकै माध्यमबाट मानवजीवन सार्थक बन्न सक्तछ । व्यक्तिको आत्मिक विकासका साथै गुण-अवगुण तथा उचित-अनुचित छुट्याउन सक्ने शक्ति विद्याबाट मात्र सम्भव हुन्छ । विद्या नभएको मान्छेको जीवन निरर्थक हुन्छ । त्यसैले **"विद्याहिन पशु: भनेर हाम्रा शास्त्रहरूले उल्लेख गरेका हुन्"** । नेपालका सम्पूर्ण जनजातिहरू मध्ये सबैभन्दा शिक्षित जनजातिको रुपमा नेवारलाई मानिन्छ ।[५४] शिक्षाको क्षेत्रमा निकै अगाडि रहेको जाति को रुपमा चिनिन्छन् । यो जातिका मानिसहरू हरेक क्षेत्रमा अगाडि रहेका छन् । यस क्षेत्रका नेवार समुदायहरू पनि यस कार्यबाट अछुतो रहेका छैनन् । यिनीहरूको यस क्षेत्रको आगमनसागै शिक्षाको विकासमा जोड दिएको पाईन्छ । आफ्ना सन्तानलाई शिक्षा दिनुपर्छ भन्ने मान्यता बोकेका र शिक्षाको महत्वलाई राम्रोसंग बुझेको पाइन्छ । शिक्षा मानव जीवनको यही विशिष्टतम उद्धेश्यका लागि समुचित शिक्षा दिने प्रथाको विकास भएको हो । यहि यथार्थततालाई हृदयङ्गम गरी आजभन्दा ६० वर्ष अगाडि यस क्षेत्रका अत्यन्तै प्रतिष्ठित समाजसेवीहरू दुर्गामान श्रेष्ठ, डिठ्ठा चन्द्रमान श्रेष्ठ, सनकमान श्रेष्ठलगायत अन्य व्यक्तिहरूको सामूहिक प्रयत्नमा स्थापित श्री भद्रकाली माध्यमिक विद्यालय आज बहुमुखी क्याम्पसको नामले परिचित छ यसबाट त्यस बेलाको यस क्षेत्रका पूर्वजहरू शिक्षा क्षेत्रको विकासको लागि कति सचेत रहेछन् भन्ने कुरा स्पष्ट देखिन्छ । तत्पश्चात नेवार समुदायहरू आफना सन्तानहरूको शिक्षा प्रति सचेत देखिदै आएको देखिन्छ । जसको फलस्वरुपमा

---

[५४] मधुसुदन पाण्डे, **नेपालका जनजातिहरू,** काठमाडौं, पैरवी प्रकाशन, नेपाल, २०६३, पृ. ६२ ।

यस क्षेत्रका नेवार समुदायका छोरा-छोरीहरू नेपालका विभिन्न विश्वविद्यालयहरूमा अध्ययन गर्नुको साथै यूरोप, अमेरिका तथा क्यानाडाका विश्वविद्यालयहरूमा उच्च शिक्षा लिई रहेका छन् ।

यस क्षेत्रमा शिक्षाको विकास गर्ने अभियानमा यहाँका नेवार समुदायको अत्यन्तै ठूलो र महत्वपूर्ण भूमिका देखिन्छ । हिजो यस क्षेत्रमा एउटा मात्र शैक्षिक संस्थाको रुपमा भद्रकाली माध्यमिक विद्यालय थियो भने आज थुप्रै शैक्षिक संस्थाहरू स्थापना भएका छन् । जसको कारणले यस क्षेत्रका बालवालिकाहरू शिक्षा लिनबाट बञ्चित हुनु परेको छैन् । शिक्षाको महत्वलाई राम्ररी बुझेका कारणले गर्दा यस क्षेत्रका नेवारहरू आफ्ना सन्तानप्रति अत्यन्तै सचेत देखिन्छ । उनीहरूले आफ्ना छोरा छोरीहरूलाई शिक्षा लिनबाट बन्चित गराएका छैनन् । सरकारी शिक्षाको साथै आफनो मातृभाषा प्रति पनि उनीहरू उत्तिकै सचेत देखिन्छन् । मातृभाषाको विकासको लागि उनीहरूले विहान बेलुकी आफ्नै समुदायमा अतिरिक्त कक्षाहरू सञ्चालन गरेका छन् । काडहर जस्तो सानो ठाउमा जन्मेर आज यस क्षेत्रका नेवारहरू डाक्टर, इन्जिनियर, सफल बैकर्स, चार्टड एकाउन्टेन्ट, शिक्षक, नर्स तथा राजनीतिज्ञ बन्न सफल भएका छन् ।[५५]

## ४.१४ नेवारी गहना :

नेवार समाजमा गहनाको इतिहास कति प्राचिन छ भन्ने कुरालाई गहिरिएर हेर्ने हो भने लिच्छविकाल सम्म पुग्न सकिन्छ । लिच्छविकालमा प्रयोगमा आइसकेको श्रृगारको साधनको मल्लकालमा व्यापक रुपमा विकास भएको देखिन्छ । नेवार संस्कार अनुसार गहनाको स्वरुप पुरुष र स्त्री जातिमा फरक छ । त्यस्तै उमेर, अवस्था अनुसार पनि गहनाको प्रयोगमा फरक छ जति पनि गहनाहरू छन् ती गहनाहरू पुरुष वा स्त्रीले लगाउने, बच्चा वा बुढाहरूले लगाउने भन्ने निश्चितता भईरहन्छ । कुनैकुनै गहना पास्नी सकेको, उमेर पुगेकाले मात्र लगााउछन् । नेवार समाजमा जन्मदेखि मृत्युपर्यन्त गहनाको महत्व छ । बच्चा जन्मेर चारदिन वा दश दिनमा बच्चालाई सुनको औठी, चाादीको औठी लगाइदिएर गहना लगाउने कार्यको शुभारम्भ गरिन्छ । त्यसपछि हुने कुनै पनि कर्मकाण्डमा छोरा वा छोरी जो भएपनि बच्चालाई कुनै न कुनै प्रकारको

[५५] श्री पुलेन्द्रमान श्रेष्ठ, बर्ष ६६ सँगको अन्तरवार्तामा आधारित ।

गहना लगाईदिएको पाईन्छ । मृत्यु हुन लाग्दा सम्म सुनको एक टुक्रा राखिदिनुपर्ने चलन छ । त्यस्तै मानिस मरिसकेपछि गर्ने संस्कारहरूमा गहना महत्व छ । मृत्युपछि वर्षभरी १२ वटा तिर्थस्थलमा गरिने श्राद्धमा कही सुनका गहना, कहीा पञ्चरत्न, कहीा नवरत्न, अष्टधातु मध्ये एक धातुको भााडा बनाएर दान दिने चलन छ । नवरत्न र अष्टधातुलाई नेवार समाजमा हुन लागेको अनिष्टलाई रोक्ने, ग्रहदशाले जीवनमा हुने नराम्रा कार्यबाट बच्न प्रयोग गरेको देखिन्छ । नेवार समाजमा गहनाको धार्मिक, ज्योतिषशास्त्र अनुसार महत्व भएको साथै सामाजिक, सांस्कृतिक, आर्थिकरुपले पनि ठूलो महत्व छ । कुन कुन गहना कसले कहाा-कहाा प्रयोग गर्ने भन्ने नेवार समाजभित्र आफ्नै प्रकारको मान्यता रही आएको छ । संस्कारदेखि जीवनशैली चल्ने नेवार समाज भित्र प्रयोग हुने गहनाको प्रयोगमा आफ्रनै प्रकारको अर्थ छ । त्यसैले जीवनचक्र सागसागै गहनाको प्रकारमा पनि परिवर्तन हुन्छ ।

यस क्षेत्रका बसोबास गर्ने नेवार समुदायहरूका विशेषत महिलाहरूले विभिन्न चााडपर्व, विवाह, भोज भतेर आदिमा शिर, गला, हात र खुट्टामा विभिन्न किसिमका गहनाहरू लगाउाछन । पुरुषहरू खासगरी औलामा सुनको बेरूवा औठी, हिरा जडित औठी, तथा ग्रह राशी हेरेर विभिन्न प्रकारका औंठीहरू लगाउाछन । कसै-कसैले घााटीमा सिक्री लगाउाछन् ।[56] यस क्षेत्रमा प्रयोग हुने गहनाहरू यस प्रकारका छन स

## ४.१४.१ शिरमा केशको माथि प्रयोग गर्ने गहना :

यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदायका महिलाहरूले विभिन्न चाडपर्व, विवाह, भोज भतेर आदिमा शिरमा सिन्चा, शिरबन्दि, बुलिन, लुस्वां, मोतासा, न्यापुसिख आदि गहनाहरू शिरमा केशको माथि लगााउछन् ।[57]

## ४.१४.२ निधारमा प्रयोग गर्ने गहना :

नेवारी महिलाहरू विभिन्न चााड पर्व, विवाह, गुफा, इहि, अन्नप्राशनीको समयमा विभिन्न किसिमका सुन, चाादी तथा अन्य वस्तुहरूबाट निमार्ण भएका

[56] श्री मुक्तिचन्द्र श्रेष्ठ, बर्ष ६५ सँगको अन्तरवार्तामा आधारित ।

[57] श्रीमती मोहनी श्रेष्ठ, बर्ष ६० सँगको अन्तरवार्तामा आधारित ।

गहनाहरू निधारमा लगाउाछन् । जस्मा, लुासिन्ह (सुनको टिका), लाुचि (एक प्रकारको सुनको गहना), दृष्टि (एक प्रकारको चाादीको गहना) आदि ।[५८]

### ४.१४.३ कानमा लगाउने गहना :

नेवार समुदायहरूले विभिन्न धार्मिक तथा साास्कृतिक कार्यहरूमा कानमा सुन र चाादिबाट बनेका गहनाहरू लगाउाछन् । जसमा, न्हातिका ( मुन्द्री), पायित (सुनको कलात्मक गहना जुन केटालाई संस्कार पवर्मा लगाईन्छ) मारवलिचा (मारवाडी), पुनाथ्चा (वुढाबुढीहरूलाई लगाईदिने सुनकोगहना), ढुङ्ग्री, माकसी (चाादीको एक प्रकारको गहना) तायोतुकि, गसिसिख आदि गहनाहरू लगाउाछन ।[५९]

### ४.१४.४ गलामा लगाउने गहना :

यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदायमा खासगरी महिलाहरूले गलामा विभिन्न प्रकारका गहनाहरू लगाउाछन । जुन नेवारी संस्कृतिको अभिन्न अङ्गको रुपमा मानिन्छन् । यस क्षेत्रका महिलाहरूले आधुनिक गरगहनाको साथै विभिन्न धार्मिक तथा साास्कृतिक पर्वहरूमा यस प्रकारका गहनाहरू लगाउाछन । कंथी (घााटी तलसम्म आउनेगरी लगाउने सुन, चाादीको गहना), तिख (सुनको एक प्रकारको गहना) चन्द्रहार, तायोमा, भिम्पुमाका साथै वर्तमान समयमा मंगलसुत्र, हार, सिक्री, तिलहरी, छड्के तिलहरी आदि गहनाहरू लगाउाछन् ।[६०]

### ४.१४.५ हातमा लगाउने गहना :

यस क्षेत्रमा बसोबास गर्ने नेवार समुदायहरूले विभिन्न धार्मिक तथा सांस्कृतिक पर्वहरूमा हातमा पनि विभिन्न प्रकारका गहनाहरू लगाउाछन् । जुन त्व (वाला), सिंहख्वा (सुन, चाादी र पञ्चधातुबाट बनेको गहना) कल्या (कल्ली), वाई (सुन-चाादीको हातमा लगाउने गहना), क्वाय् (चुरा) यसै गरी औंलामा सुन

---

[५८] श्रीमती चिनीमाया श्रेष्ठ, बर्ष ६५ सँगको अन्तरवार्तामा आधारित ।

[५९] ऐजन ।

[६०] पूर्ववत् पाद्टिप्पणी नं. १९ ।

चाादी तथा तामाबाट बनेको औठीहरू लगाउाछन । आजभोलि प्लाष्टिक, लवणबाट बनेको विभिन्न प्रकारका गहनाहरू पनि प्रयोग गर्दछन ।[६१]

## ४.१४.६ खुट्टामा लगाउने गहना :

नेवार समुदायमा महिलाहरूले खुट्टामा विभिन्न प्रकारका गहनाहरू लगाउाछन । जुन नेवारी संस्कृतिको अभिन्न अङ्गको रूपमा मानिन्छन् । यस क्षेत्रका महिलाहरूले विभिन्न प्रकारका गहनाहरू धार्मिक तथा साांस्कृतिक पर्वहरूमा लगाउछन । जस्तै, विभिन्न किसिमका कल्ली, तुती बग्गी (सुन चाादीबाट बनेको ससुराले बुहारीलाई लगाईदिने एक प्रकारको गहना) ।

महिलाहरूले प्रयोग गर्नुका साथै आधुनिक सुन, चाादिका गहनाहरूको साथै चुरा, पोते, डोरी, कााटा लगाउाछन् । तर नेवार समुदायको उत्पतिसंगै विकास भएको टायो, क्लिप, गााउ र लुनसान (**केशमा लगाउने नेवारी गहनाहरू**) आदि भने विरलै लगाउने गरेको देखिन्छ ।[६२]

---

[६१] श्रीमती मिना कुमारी श्रेष्ठ, बर्ष ४२ सँगको अन्तरवार्तामा आधारित ।

[६२] ऐजन ।

# परिच्छेद-पाँच

## ५. सास्कृतिक अवस्था :

मानव समाजमा विभिन्न रीतिरिवाज, परम्परा, विश्वास कला र आफूलाई बाच्नका लागि चाहिने विभिन्न किसिमका बस्तुहरको सृजना मानिसले नै गरेको छ । यसरी मानिसले एउटा सामाजिक प्राणिको रुपमा समाजमा सृजना गरेको वा स्थापित गरेको विभिन्न किसिमका समष्टिगत बस्तुहरू नै संस्कृति हो । देश समाज वा जातिहरूमा रहेका चालचलन, रीतिरिवाज, भेषभूषा, आमोदप्रमोद, शिल्प, व्यवसाय, धार्मिक मान्यता र भाषा एवं साहित्य मानसिक चिन्ताका उपजहरूको समिष्टगत रुप नै त्यस देश समाज वा जातिको सास्कृति हो ।[६३]

आफ्नो किसिमको जीवनशैलीलाई प्रतिविम्वीत गर्ने धार्मिक तथा सामाजिक मूल्य मान्यताहरूको सामुहिक नाम नै संस्कृति हो ।[६४] नेवार समाजमा तिनको जिवन पद्धती र जातिय बैशिष्ट्य प्रकट गर्न सांस्कृतिक रीतिथिति र चालचलन मध्ये कतिपय आफ्नै किसिमका छन् भने कतिपय अरु जातसाग मिल्दा जुल्दा छन् ।

## ५.१. काुडहर क्षेत्रका नेवार समुदायका संस्कार :

साधरणतया सामाजिक संस्कार भन्नाले कुनै पनि मानव समुदायमा मनुष्यको जन्मदेखि मृत्युको अवस्थासम्म गरिने परम्परागत सामाजिक विधि व्यवहारलाई जनाउाछ । त्यस्ता सामजिक संस्कारहरूलाई समष्टिगत रुपमा मानव जीवन चक्रको जीवन संस्कार भनिन्छ । संस्कार जन्मपछि मृत्यु नभइन्जेलको लामो यात्रामा जीवनलाई धर्मानुकुल बनाई आफ्नो समुदायको दायित्व निर्वाहका लागि शारीरिक, मानसिक एवम् बौद्धिक रुपमा शुद्ध र परिस्कृत पार्दै लग्ने धारणबाट नै संस्कार कुनै पनि जातिको कति महत्व हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ साथै यस बाट नै समस्त प्राणीका साथै आफ्नो जीवन सार्थक, शुभ र

---

[६३] दिपक घिमिरे, **तनहूँ जिल्लाका बोटे जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको एक अध्ययन,** स्नातकोत्तर तह शोधपत्र, त्रि.वि.वि., वि.सं. २०६१ पृ. ४२ ।

[६४] ऐजन ।

हितकर हुन्छ ।[६५] यस किसिमको मानवजीवनको दुईवटा साश्वत सत्य जन्म र मृत्युको बीचमा प्रत्येक व्यक्तिले बाल्यकाल, युवा अवस्था, वृद्ध अवस्था गरी तीनवटा अवस्थामा आफ्नो जीवनमा पार गर्नुपर्ने हुन्छ । ती अवस्थाहरू यस क्षेत्रका नेवारहरूको सामाजिक संस्कार भित्र पर्दछन् ।

नेवारहरूको जीवन तथा मृत्यु संस्कार मूलतः हिन्दु संस्कारमा आधारित छ । मनले अन्दाजी ई.पू. २००-१०० मा आफ्नो स्मृति (धर्मनीति ग्रन्थ) मा बाह्र संस्कारको उल्लेख गरेकोमा पछि ती सोह्र पुऱ्याइए । हिन्दूहरूको **"सोह्र संस्कार"** भन्ने भनाई प्रसिद्ध छ । यी संस्कार खास गरी ब्राह्मण जातिका लागि बनाइएको हो । नेपालमा त्यसले शास्त्रीय परम्परा **"दश कर्म"** पद्धतीले ठाउा लियो । शास्त्रीय परम्पराभन्दा भिन्न नेवार समुदायमा फेरी आफनै किसिमले परम्परामा थप लौकिक संस्कार र कर्महरू गर्ने परम्परा रहेको पाइन्छ ।[६६]

उक्त तीनैवटै अवस्थाहरूमा विभिन्न किसिमका परम्परागत सामाजिक विधि व्यवहारहरू सम्वन्धी विभिन्न कार्यहरू गर्नुपर्ने परम्परा नेवार समुदायमा परापूर्वकालदेखि नै चल्दै आएको पाइन्छ ।

## ५.२. धौवजि नर्कगु : (दही-चिउरा खुवाउने)

यस क्षेत्रका नेवारहरूले धौः (दही) लाई उत्तम सगुनको रुपमा मान्दै आएको पाइन्छ । कुनै पनि शुभ कार्यमा दही चिउरा खुवाउने चलन रही आएको छ । यसै परम्परा अनुरुप नै विवाहित महिला गर्भवती भएको नौ महिना पश्चात बच्चा जन्मने समय नजिक आएपछि माईतीघरको तर्फबाट धौःवजिनकः बनेगु ( दही चिउरा खुवाउन जाने) कार्य गरिन्छ । यसरी दही चिउरा खुवाउन जानको लागि दही, चिउरा, मिठाई, फलफूल इत्यादीको साथै पूजाको थाली समेत लगिन्छ । दही चिउरा खुवाउन जानुको मुख्य उद्देश्य विना अवरोध शिशुलाई जन्म दिन सकियोस भनि गर्भवती महिलालाई माइतीघरको तर्फबाट शुभकामना व्यक्त गरिन्छ । यस बेलामा गर्भवती महिलाको आमाले क्रमैसाग निम्न कार्यहरू गर्ने चलन रहेको छस

ः सुकुन्दामा बत्ती बाल्ने

ः सुकुन्दामा रहेको गणेशको मूर्तिमा पूजा गर्ने

---

६५ रञ्जना बज्राचार्य, **नेवार बौद्ध संस्कार,** काठमाण्डौं, ऐशियाली अनसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, नेपाल, वि.सं. २०६५ पृ. ३१ ।

६६ अर्जुन गुरुङ (घले), **मियाँपाटन पोखराका मुसलमानहरूको ऐतिहासिक चिनारी- एक अध्ययन, स्नाकोत्तर सोध पत्र,** त्रि.वि.वि., वि.सं. २०६०, पृ. ३२ ।

८ धर्तीमा पदापर्ण गर्नको लागि तयारीको अवस्थामा रहेको शिशु र गर्भवती महिलाको कुशलमंगल होस् भन्ने कामना गर्दै सगुन (दही र चिउरा) गणेशलाई चढाउने,

८ विजय र सफलताको शुभ संकेतको प्रतीक स्वरुप गर्भबती महिलालाई रातो टीका लगाईदिने, गर्भवती महिलालाई सगुन अर्पण गर्ने

अन्त्यमा विना अवरोध शिशुको जन्म हुन सकोस् भन्ने कामना गर्दै अविर, माला, फूल र अक्षताले गर्भवती महिलाको पूजा गर्ने ।[६७]

## ५.३. बच्चा जन्मे पछि गरिने संस्कारहरू :

नेवार जातिको परम्परा, रीतिथिति, व्यवहार भित्र बच्चा जन्म हुनुभन्दा अघिदेखि मनुष्यको संस्कार शुरु हुन्छ । गर्भरहे देखि क्रमैसित थरीथरीका क्रियाकर्म गरिन्छ । वच्चाको जन्म भईसकेपछि आमा र वच्चाको सु-स्वास्थ्य, दिर्घायूको कामनाको लागि नेवार समाजको विधि विधान अनुसार विभिन्न संस्कारहरू गरिन्छ । जस्तै बच्चा जन्मेको सूचना पठाउने, पन्छाउने र चढाउने, नाभीकाट्ने, घिउ चिउरा ख्वाउन जाने/औठी लगाईदिन जाने आदि । कार्यको साथै अन्य कार्यहरू पनि हुने गर्दछन् ।

## ५.३.१. मचावु व्यकेगु : (शिशु जन्म चोख्याउने)

पहिले पहिले प्रसुतिको लागि अस्पतालको खासै सुविधा उपलव्ध थिएन । त्यसैले घरमा नै शिशु जन्माउने कार्य दिदी, अजी (अनुभवी र पाको सुढिनी) को सहयोगले गरिन्थ्यो । तर आजभोलि स्वास्थ्य क्षेत्रको विकासको कारणबाट अस्पतालमा जन्माउने प्रचलन वढ्दो रहेको छ । शिशु जन्मेपछि **"पि छिके"** (नाभि काट्ने) कार्य भईसकेपछि अस्पतालको वेडमा राखिन्छ मामाघर शिशुको जन्म भएको खवर पठाउछ । त्यसरी खवर पठाउदा केही सामानहरू सिगो सुपारी, चाकु, अदुवा, तामाको पैसा पठाउनु पर्दछ । शिशु जन्मेको छैठौं दिन ( छोरी जन्मेको भएको चौथौ दिन) मा मचाबु व्यंकेगु कार्य (शिशु चोख्याउने) गरिन्छ । यस छैठौं दिनको अवधिमा देबी देवताको नित्यपूजा केही गर्नु हुदैन । सुत्केरी महिलालाई यस अवधिमा ध्यू, चाकु, भात र ज्वानोको झोल खान दिइन्छ । त्यस्तै खाजाको रुपमा पनि दिउासो घिउ, चाकु र चिउरा खान दिइन्छ ।

[६७] श्री सम्मर बहादुर श्रेष्ठ, बर्ष ४५ सँगको अन्तरवार्तामा आधारित ।

माइतिघरको तर्फबाट घिउ, चिउरा खुवाउन जाने  चलन रहेको छ । शिशु जन्म चोख्याउने सर्न्दभमा निम्न कार्यहरू गरिन्छ ।[६८]

द  तातोपानीले सुत्केरी महिलाको पूरै शरीर नुहाईदिने,

द  **“नौनी”** (नापित थरको नङ काट्ने महिला) बाट हात खुट्टाको नङ काट्न लगाइन्छ

द  “अल” (परम्परागत रातो रंग)  खुट्टाको औलाहरूमा लगाउने

द  ततारअजीले शिशुलाई राम्रोसांग नुहाइ दिने,

द  आमा र शिशुलाई दिदीरअजीले राम्ररी शुद्ध तोरीको तेलले मालिस गरिदिने आदि ।

## ५.३.२.  कागेगु : (छैटी कर्म)

यस क्षेत्रका नेवाार समुदायमा शिशु जन्मेको छैठौ दिनमा बेलुका फुपुले छैटी कर्मकाण्ड गरिदिन्छिन् । गाईको गोवरद्धारा भुइा लिपेर सफा गरी बिचमा एउटा चकटी ओछ्याएर फुपुले बच्चा काखमा राखेर बस्छिन् । चारैतिर बाह्र भाग धान आसन माथि बाह्रवटा दियो बाल्छन् । सुकुन्दा बालेर गाजल थाप्छिन् । कचौरामा तेल राखि पााच वटा दुवोले शिशुलाई टिका लगाईदिन्छन । फुपुले तेल घसेर नयाा भोटो लगाउन दिन्छिन् । शिशुलाई सिन्दुरको टिका गाजल लगाइदिन्छिन् । हलक्क बढेर आओस् भनेर सुनको वाला लगाईदिने चलन छ । आजभोलि किताव, कलम, पैसा राख्ने चलन छ किनकि उक्त रात भावि उक्त शिशुको भाग्य लेख्न आउनेछन् । सिरानी मुनीको किताव र पैसा देखेर उक्त शिशुलाई विद्या तथा धन प्राप्त हुनेछ भन्ने विश्वास लिइएको पाईन्छ ।[६९]

## ५.३.३.  मचाया ना छुइगु : (बच्चाको नामाकरणरन्वारान)

बच्चा जन्मेको १२ दिनमा बच्चाको नामाकरण गर्ने वा न्वारान गर्ने संस्कार रहेको छ । यस कर्मको प्रमुख उद्देश्य नवजात बच्चालाई परिवारमा गणना गर्नु हो । ज्योतिषबाट नै जन्मकुण्डली (चिना) समेत तयार गरिन्छ  । त्यस्तो कुण्डलीमा शिशुको राशी, लग्न, ग्रह सम्बन्धी अन्य विस्तृत कुराहरू उल्लेख गर्नुको साथै कुण्डलीको नाम समेत शिशुलाई सुनाई नामाकरण गरिने भएकोले त्यस्तो संस्कारलाई न्वारन भनिन्छ । बच्चालाई सूर्य दर्शन गराई नाम प्रदान गरिन्छ । बच्चाको नाम राख्दा बच्चालाई पूजा गरी विधिपूर्वक १२ औं

---

[६८] ऐजन ।

[६९] श्री दिलिप कुमार प्रधान, बर्ष ५२ सँगको अन्तरवार्तामा आधारित ।

दिनमा नाम राख्ने चलन छ । कसै कसैको छोरा भए मामाले र छोरी भए फुपुले नाम राख्ने गरिएको पाइन्छ । बच्चाको नाम राख्दा पूजा गरी सााचो समात्न लगाई स्वागत गर्दै भगवानको अगाडि बसाली, पालाको दियो सल्काई सर्स्यु, रायो राखी धुवाा निकाली भूतप्रेत पन्छाउन मूलढोका बाहिर राखिन्छ । अनि पुरोहित पण्डितले छोरा भए दााया कानमा, छोरी भए वााया कानमा बच्चाको नाम भन्ने गरिन्छ । नामाकरणको बेला पहिला भए जन्मेको नक्षत्रको आधारमा मन्त्रोच्चारण गरी नाम राख्ने चलन छ ।[७०]

## ५.३.४. न्हायपं प्वा खनेगु : (कान छेडेने कार्य)

नेवार समुदायमा न्हायपं प्वा खनेगु (कान छेड्ने) कार्य तता/अजीबाट नै गरिन्छ । आजभोलि बजारको सुनार कहाा गएर छेड्ने प्रचलन देखिन्छ । यसको लागि तता/अजिलाई पातको टपरीमा चामल राखेर अर्पण गर्नुको साथै दक्षिणा पनि दिइन्छ । तत्पश्चात निम्न विधि अपनाई तता/अजीबाट कान छेडिन्छ ।

- सबभन्दा पहिले तता/अजीबाट देबीको पूजा गरिन्छ,
- कालो रंग लगाएको कपासको धागो भएको सियो आगोमा पोलिन्छ ,
- सियोलाई सेलाउन लगाइन्छ सियो सेलाए पछि कानमा प्वाल पर्ने गरी छेडिन्छ ।
- शुद्ध तोरीको तेलमा बेसार मिसाएर कान छेडेको प्वालमा राखिन्छ ।[७१]

## ५.३.५. मचाबू लहिके यंकेगु : (सुत्केरी पालिन जाने)

नेवार समुदायकी चेलीहरू सुत्केरी भएको खण्डमा माईतीघरमा सुत्केरी खान जाने प्रचलन यद्यपी रहेको छ । सुत्केरी भएको एक महिना पश्चात माईतीघरबाट सुत्केरी महिलालाई माचाबु लहिके यंकेगु (सुत्केरी पालिन जाने) को लागि लगिन्छ । सुत्केरी पाल्नको लागि लगेको १५ दिन पश्चात सासु, ससुरा, देउरानी, जेठानी र इष्टमित्र सुत्केरी हेर्न जान्छन् । त्यसरी सुत्केरी हेर्न जानेहरूले सुत्केरीको लागि विभिन्न सामाग्रीहरू (मासुको परिकार, चिउरा, चाकु, फलफुल, मिठाई इत्यादि) लैजान्छन । सुत्केरीलाई तीन महिनासम्म विशेषतः क्वाटी, गुदपााक घिउ, चाकु, फाकुबास इत्यादि खुवाईन्छ । प्रत्येक दिन शरीरमा तोरीको

[७०] पूर्ववत् पादटिप्पणी नं. ५ ।
[७१] ऐजन ।

तेलले मालिस गराई जतिसक्दो त्यति शरीरलाई गर्मी हुने गरी राखिन्छ । सुत्केरी पाल्ने अवधि सकिए पश्चात् सुत्केरीलाई आफनै घरमा ल्याईन्छ ।[७२]

## ५.३.६. मचा जंको : (अन्नप्राशनवरपास्नी)

छोरी भए चार महिना पूरा भई ५ महिना लागेपछि र छोरा भए पाँच महिना पूरा भई ६ महिना लागेपछि मचा जंको (अन्नप्राशनव/पास्नी) गरिन्छ । यसरी अन्नप्राशान गर्नलाई ज्योतिषसंग उत्तम साईत साथै कुन चाही दिशातिर फर्काएर शिशुको अन्नप्राशन गर्नुपर्दछ भन्ने कुराको समेत निर्क्योल गरी अन्नप्राशन गर्ने चलन रहेको छ । अन्नप्राशनको लागि शिशुको मामाघरबाट "कु" (सगुनको लागि आफ्नो गच्छे अनुसार मामाघरको तर्फबाट लगिने सामग्रीहरूको सामुहिक नाम) लैजानु पर्दछ । त्यस्तो "कु" मा विशेषतः अन्य सामाग्रीहरूको अलावा, खिर बनाउन आवश्यक सामाग्रीहरू, शिशुको लागि लुगा, सुनको रिङ्ग, चाँदीको कल्ली लैजानुपर्दछ ।

अन्नप्राशनको सम्पूर्ण कार्यहरू दुईदिनमा गरिन्छ । पहिलो दिनमा घरको सरसफाई गरिन्छ । दोस्रोदिनमा ज्योतिषबाट प्राप्त साईत अनुसारको उत्तम समयमा पुरोहितबाट अन्नप्राशन सम्बन्धी निम्नानुसारका सम्पूर्ण कार्यहरू क्रमैसंगै गराइन्छस

- सबभन्दा पहिले शिशुलाई नुहाइदिने कार्य गरिन्छ ।
- तासको वा अन्य किमती किसिमको बस्त्र लगाई दिने ।
- खीरलगायत विभिन्न किसिमको परिकारहरू (चौरासी व्यञ्जन) तयार गर्न लगाउने ।
- गणेश, इष्टदेवता र कुलदेवताको पूजा गर्ने ।
- असर्फी (सुनको सिक्का) वा चाँदिको सिक्का वा चम्चाले परिवारको सबभन्दा ठूलोबाट वा गुठिको "नायबाट बाट शिशुलाई उसको जीवनमा नै पहिलोपटक अन्नको रस्वादन गराउन खीर खुवाउन लगाउने
- पालैपालोसांग परिवार र कुल परिवारको सबै दाजुभाई, दिदी-बहिनीहरूबाट शिशुलाई खिर खुवाउन लगाउने ।

यस किसिमले शिशुलाई अन्नप्राशन गराउने कार्य समाप्त भएपछि सबै पाहुनाहरूलाई भोजन गराइन्छ । आजकल इष्टमित्र, नाताकुटुम्बहरू सबैलाई

[७२] अशोक कुमार श्रेष्ठ, वर्ष ५० सँगको अन्तरवार्तामा आधारित ।

होटलमा पाटी दिने चलन र लाखौ रुपिया खर्च गर्ने परम्परा विकसित हुादै गएको छ ।[७३]

## ५.३.७. आः ख स्यनेगु : (शिक्षा प्रारम्भ गर्ने)

वर्षको एक दिन आउने श्रीपञ्चमीको दिनलाई शुभ दिनको रुपमा मान्दै आएका छन् । यस दिनमा विवाह गर्न समेत साईत हेर्नुनपर्ने मान्यता रहादै आएको छ । यसैले यस्तो शुभ दिनमा यहााका नेवारहरूले बालबालिकाहरूलाई सरस्वतीको मन्दिरमा बच्चाको नाममा पूजा गरी बच्चाहरूलाई सबैभन्दा पहिले अक्षर चिनाउने परम्परा छ । बच्चा ३/४ वर्षको उमेर भएपछि घरका ठूलाले श्रीपञ्चमीका दिन ज्ञान र विद्याको देवता सरस्वतीको बन्दना गर्न लगाई **"नमोवागिश्वराय"** मन्त्र उच्चारण गराउन लगाई हात समातेर अक्षर लेखाउने चलन छ । यसबेला बच्चाहरू त्यहि मन्त्र "न मो बा गी श्व रा यः" लेख्न लगाउने संस्कार रहेको छ ।[७४]

## ५.३.८. बुसखा : (चूडा कर्म)

चूडा कर्म केटाहरूको जन्मदेखिको कपाल खौरीने संस्कार हो । (वुसंखा) सबभन्दा पहिले कपाल काट्ने काम हो । ३ वर्षदेखि ७ वर्ष भित्र साइत हेरेर चूडा कर्म गर्छन । चूडा कर्म गरी पााच, छ वर्ष पछि मात्र ब्रतबन्ध गर्छन । जन्मेदेखि यसबेलासम्म कपाल नकाटी पालेको कपाल यो चूडा कर्म संस्कारमा मात्र काट्छन् । त्यस्तै चूडा कर्म गर्नुपर्नेहरूको यसैबेला कान छेडेने गरिन्छ । यो भन्दा पहिले कान छेडिदैन ।[७५]

## ५.३.९. कयता पूजा : (शुभ उपनयन कर्म)

संस्कार नभइकन जीवन शुद्ध हुादैन । त्यस्तो मान्छे समाजमा पितृ कर्मकाण्ड गर्न र देवताको कर्मकाण्ड गर्न चल्दैन । यस क्षेत्रका नेवार परम्परा अनुसार ब्रतवन्ध नगरी विवाह गर्नुहुादैन, केही गरी दुलही ल्यायो भने समाजबाट बाहिर बस्नुपर्ने हुन्छ । त्यसैले केटालाई समाजमा समाहित गर्न यो ब्रतवन्ध संस्कार गरिन्छ । जीवनलाई ब्रतको बन्धनमा बााध्नु नै ब्रतबन्ध हो ।

---

[७३] श्री युक्त बहादुर श्रेष्ठ, वर्ष ७७, सँगको अन्तरवार्तामा आधारित ।

[७४] श्री नरेन्द्रमान श्रेष्ठ, बर्ष ५५ सँगको अन्तरवार्तामा आधारित ।

[७५] श्री भुवन श्रेष्ठ, बर्ष ६० सँगको अन्तरवार्तामा आधारित ।

कयतापूजा (शाब्दिक अर्थमा लगौटीको पूजा) लाई नेपालीमा शुभ उपनयन कर्म भनिन्छ । ब्रतबन्ध पनि भनिने यस शुभ उपनयन संस्कार छोराहरूको सर्न्दभमा मात्र गरिन्छ । २, ३ जना दाजुभाइहरू भएमा उनीहरू सबैको एकैपटक यो संस्कार गर्ने प्रचलन पनि रहेको छ । यस क्षेत्रमा साधरणतया केटाको ५ वर्ष देखि ९, १२ वर्षको उमेरसम्ममा शुभ उपनयन संस्कारको कार्य गरिन्छ ।

शुभ उपनयन संस्कारको लागि पनि अन्य संस्कारहरूको सर्न्दभमा जस्तै ज्योतिषबाट वाहृ वर्ष भित्र उत्तम समयको साईत निर्क्यौल गरिन्छ । तत्पश्चात शुभ उपनयन कर्मको सम्पूर्ण कार्यहरू ब्राहृमण पण्डीतबाट नै गराइन्छ ।[७६]

## ५.३.१०. इहि : (बेल विवाह)

नेवार समुदायको बालिकाहरूको **"इही" (बेल विवाह**) गर्ने संस्कार यस क्षेत्रका नेवारहरूको महत्वपूर्ण संस्कार हो । यो संस्कार आर्य सास्कृति अनुरुप प्रचलनमा ल्याइएको बुझिन्छ । आठ वर्ष नपुग्दै पार्वतीको विवाह शिवजीसित भएको थियो भन्ने कथनलाई दृष्टिगत गरी आठवर्षको उमेरभित्र नै बेललाई सुवर्णकुमार शिवजीको प्रतिक मानि बालिकाको बेलसित विवाह गर्ने प्रचलन रहेको छ । कहिले पनि केही नहुने सुवर्णकुमार शिवजीको प्रतीक बेलसित विवाह भईसके पछि बालिका कहिले पनि विधुवा हादैन भन्ने जनधारणा नेवार समुदायमा रहेको छ । पूर्णरुपमा बैवाहिक संस्कारको विधि अनुरुप नै गरिने यस बेलविवाहमा ब्राहृमण पण्डितहरू बोलाई विभिन्न कार्यहरू गरिन्छ ।

इहीको अघिल्लो दिनमा चोख्याउने कार्य गरिन्छ । यसको लागि खुट्टाको नङ काट्न लगाइ नुवाई-धुवाई गराई सफा सुग्धर गर्ने कार्य गरिन्छ । इहीको दिनमा बालिकालाई विवाह गर्दा बेहुलीलाई जस्तै श्रृगार गराई इही पटासी (विशेष किसिमले विशेष जातका व्यक्तिले विहान केही नखाई बुनेका सारी) लगाइदिन्छन् । तर आजभोलि बजारमा आएको आधुनिक मंहगा सारीहरू लगाउन दिने चलन छ । यस किसिमको कार्य आफ्नै घरमा सामुहिक रुपमा गरिन्छ । यस विधिमा निम्न प्रक्रियाहरू अपनाइन्छ ।

- बालिकाको बावुबाट कन्यादान दिन लगाइन्छ ।

---

[७६] श्री भीमकाजी श्रेष्ठ, बर्ष ५५ सँगको अन्तरवार्तामा आधारित ।

८ होम/यज्ञ गरी बेलसित विवाह गरिने कारणबाट नै वास्तविक रुपमा पछि विवाह गर्दा नेवार समुदायमा होम/यज्ञ गर्नु नपर्ने संस्कारको विकास हुन गएको हो भन्ने भनाई रहेको छ ।[७७]

## ५.३.११. बारा तयगु : (गुफा राख्ने )

**"इहि"** गरिसकेपछि र रजस्वला हुनपूर्व नेवार समुदायको प्रत्येक बालबालिकालाई गुफा राख्ने संस्कार गर्नुपर्छ । सोही अनुरुप यस क्षेत्रका नेवारहरूले पनि आफना छोरीहरूलाई गुफा राख्छन् । खासगरी प्रायः गरेर विजोर उमेर ७, ९, ११, १३ पारेर साईत हेरी गुफा राख्ने गर्दछ । यसका लागि सूर्यको प्रकाश र लोग्ने मानिसको अनुहार नदेखिने गरी सबै झ्याल ढोका बन्द गरी एउटा कोठामा १२ दिनसम्म बालिकालाई राख्ने कर्म नै गुफा कर्म हो । यस कर्म गर्नु भनेको केटी तरुनी भएको ठानी चाहिने प्रशिक्षण दिनु हो । यसरी कोठाभित्र भित्र्याईसकेपछि क्रमशः निम्न कार्यहरू गरिन्छ ।

८ कोठाभित्र राख्दा एउटा **"किसली"** (एउटा संलिचामा चामल, एउटा गेडा सुपारी र पैसा) राखिन्छ । बालिकाले उक्त किसलीलाई ढोग्नु पर्दद्ध ,

८ बालिकाका साथीहरू आई १२ दिनसम्म भित्रै बसी विभिन्न परम्परागत खेलहरू खेल्नुको साथै नाचगान गर्दछन् ।

८ छैठौदिनमा आमा, अजि, फुपुलगायतका आफन्तहरूले **"छुस्यामुस्या"** (भुटेको गहा, बदाम, बकुल्ला, केराउ, चना र भट्मास) खुवाउँछन् ।

८ यस पछि १२ औं दिनमा **"वाह्र पिकायगुकार्य"** गरिन्छ । यसको लागि सबैभन्दा पहिला नापित जातिको महिलाबाट बालिकाको हातखुट्टाको नङ काट्न लगाइन्छ । रातो रंग लगाईन्छ । बालिकालाई नुवाईधुवाई गरी राखिन्छ । ब्राहृमण पण्डितबाट सूर्यको पूजा गराई दर्शन गर्न लगाइन्छ । तत्पश्चात् बालिकालाई बाबु, आमा, फुपूहरूबाट सगुन दिन लगाइन्छ । त्यस्तै आफन्तहरूबाट पनि दुई हात भरी चामल दिई तीनपटक ढोग्न लगाई बस्त्र, चोलो आदि बालिकालाई दिईन्छ । यस कार्यलाई **"बाहृ छकेगु"** भनिन्छ ।

[७७] पूर्ववत् पादटिप्पणी नं. ५ ।

८ सूर्य दर्शन गराउने कार्य समाप्त भएपछि बालिकालाई नजिकका केही नातेदारहरू र गुफा राखेको समयमा खेल्न आउने साथीहरूलाई भोज खुवाईन्छ ।

८ अन्त्यमा बालिकालाई **"थायभ"** (विशेषप्रकारको परिकार) थालमा राखी खुवाइन्छ । बालिकाले जुठो गरी केही खाईसकेपछि बााकी रहेको खानेकुराहरू बालिकाको बुवा वा दाजु जस्ता घरमुलीले कुकुरले नछुने गरी खालीखुट्टा छ्वासयमा छुने गरी फ्याक्नु पर्दछ । यस पछि विधिबत रुपमा नै गुफा कार्य समाप्त भएको मानिन्छ ।[७८]

कहिलेकाँही गुफा बसेकी बालिकाको गुफा बसेकै अवस्थामा नै मुत्यु भएमा मुत्यु भएकै कोठाको घरको तल्लाहरू भत्काएर भएपनि तल छिडीमा लास ल्याई गाड्नुपर्दछ भन्ने मान्यता रहेको छ । जेहोस् बयस्क हुादै आएपछि यौनक्रियाकलापप्रति होसियार भई आफ्नो अस्मिता प्रत्येक केटीले जोगाउनुपर्ने कुराको सन्देश गुफा राख्ने परम्परामा लुकेको पाइन्छ ।

## ५.४. इहिपा : (विवाह)

नेपाली समाजको एक महत्वपूर्ण सामाजिक संस्कार अन्तर्गत पर्ने एक महत्वपूर्ण क्रियाकलाप विवाह भन्नाले एक घरको छोरी अर्को घरको छोरासाग स्वयम्वर गराई तिनीहरूको पारिवारीक जीवन चलाउन दिने संस्कार हो । यस क्षेत्रका नेवार जातिमा विवाह गर्दा जात तलमाथि नपार्ने चलन छ । प्रेमविवाहमा जात तलमाथि भएतापनि मागी विवाहमा भने तलमाथि पारिदैन् । नेवार समुदायको मागी विवाहको प्रकृया अत्यन्त लम्वा चौडा रहेको छ । नेवारहरूको विवाह खासगरी रातिमा नै हुने गर्दछ । तर आजभोलि भने दिउासो गरिन्छ । यस क्षेत्रका नेवार समुदायमा केटाकेटीको मागी विवाह गर्ने कार्यलाई दुई भागमा विभाजन गरिएको पाईन्छ ।

८ कुरा छिन्ने

[७८] श्रीमती मोहनी श्रेष्ठ, बर्ष ६० सँगको अन्तरवार्तामा आधारित ।

८ सुपारी लाने

### ५.४.१. कुरा छिन्ने :

विवाहको लागि केटी खोज्ने र प्रस्ताव लाने कार्य दुई किसिमबाट भएको पाइन्छ । पहिले केटा पक्षका आफन्तहरूले विवाहको लागि उपयुक्त केटी चयन गरी विवाहको लागि प्रारम्भिक कुराकानी गर्दछ । दोस्रो कुनै लमी मार्फत् पनि केटाको लागि उपयुक्त केटी चयन गरी प्रारम्भिक कुराकानीको सुरु गरिन्छ ।[७९]

### ५.४.२. सुपारी लाने :

नेवार समुदायमा कुरा छिन्ने कार्य समाप्त भएपछि औपचारीक रूपमा नै विवाह कार्यको सिलसिला सुरु हुन्छ । यसै सन्दर्भमा सबभन्दा पहिले सुपारी लाने कार्य गरिन्छ । सुपारी लानको लागि केटाको घरबाट केटीको घरमा लाखामारी, गहना, लुगा, फलफुल, दही, माछा, उखु, मिठाई, रातो सिन्दुर, सिगों सुपारी, रक्सी, उसिनेको अण्डा, जिउादो माछा आदि पठाइन्छ । यसरी सुपारी लैजादा केटाको तर्फबाट केही आफन्त र साथीहरू समेत जान्छन् । सुपारी भित्र्याई सकेपछि केटीको आमाले निम्न कार्यहरू गर्दछन्स

८ सुकुन्दामा बत्ती बाल्ने र सुकुन्दामा रहेको गणेशको पूजा गर्ने ।

८ केटीलाई टीका लगाई दिने ।

८ सिन्दुर लगाई दिने ।

८ सगुन दिने । [८०]

## ५.५. विवाह कार्य सम्पन्न गर्नको लागि गरिने मुख्य कार्यहरू :

नेवार समुदायमा विवाह कार्य सम्पन्न गर्दा खेरी निम्न कार्यहरू गरी विवाह सम्पन्न भएको मानिन्छ जुन निम्न रहेका छन् ।

### ५.५.१. साइपाटा लैजाने :

नेवारहरूले विवाहको बेलामा गरिने महत्वपूर्ण कार्य मध्ये साइपाटा लैजाने कार्य पनि एक हो । खासगरी विवाहको बेलामा जन्ती जानुभन्दा अगाडि

---

[७९] पूर्ववत् पादटिप्पणी नं. ५ ।

[८०] श्री गणेश बहादुर श्रेष्ठ, बर्ष ६५ सँगको अन्तरवार्तामा आधारित ।

केटापक्षका दिदी, बहिनी र अन्य आफन्तहरू दुलहीलाई दिनुपर्ने कपडाहरूलगायत अन्य गहना तथा सगुन केटीको घरमा पुऱ्याउने कार्यलाई साइपाटा लैजाने भनिन्छ । साईपाटा लैजानेहरू फर्केपछि मात्र दुलाह सहित अन्य जन्तीहरू दुलहीको घरमा जान्छन् ।[८१]

### ५.५.२. वरीयात : (जन्त जाने)

वरीयात जाने कार्य सम्पूर्ण विवाह पद्धतिको एक अति महत्वपूर्ण पक्ष हो । यसका लागि दुलाहा पक्षका नजिकका आफन्तहरू र मित्रहरू दुलाहाको घरमा जम्मा हुन्छन । वरीयात जाने सबैलाई रातो टीका लगाई रातो फूल समेत दिने चलनको आजभोलि विकास भएको छ । जम्मा भएका सबैलाई नास्ता समेत गराइ पान मसला दिईन्छ । त्यसपछि राम्ररी सिंगारिएको गाडी वा घोडामा बसेका दुलाहा सहित पञ्चैबाजा बजाई वरियात बेहुलीको घरमा जान्छन । वरियात जाादा पुजाको सामानहरू राखिएको कोतमाः (ठूलो थाली जस्तो परम्परागत भााडो) ठूलो पानसमा राखिएको बक्ति बालेर जानुपर्दछ । केटीको घरमा पुगेपछि वरीयात आउनेहरूको भव्य रुपमा केटी पक्षका आफन्तहरूबाट स्वागत गरिन्छ । वरीयात आउनेहरू मध्ये दुलाहका नजिकका मुख्य मुख्य व्यक्तिहरूलाई कोठाभित्र राखि सम्मान गरिन्छ । अन्यलाई बाहिर राखी भोजमा सरीक गराएर स्वागत गरिन्छ । आमन्त्रित सबैले दाईजोमा नगद तथा जिन्सी नै उपहार स्वरुप बेहुलीलाई दिने चलन रहेको छ ।[८२]

### ५.५.३. स्वयंवर :

नेवार समुदायमा विवाहको बेलामा ब्राह्मण पण्डितबाट प्राप्त उत्तम साईतमा स्वयंवर गर्न केटीको घरमा जानुपर्दछ । यस क्षेत्रका नेवार समुदायहरूले हिन्दु संस्कार अनुरुप नै ब्राह्मण पण्डितको सल्लाह अनुसार सबै धार्मिक कार्यहरू सम्पन्न गर्दछन् । अन्तिममा केटीले केटालाई तीनपटक परिक्रमा गरी माला लगाईदिन्छ र केटाको पाउ ढोग्दछ । केटाले सुनको औंठी, सिक्री केटीलाई लगाईदिन्छ । यसरी स्वयंवर कार्य समाप्त भएपछि विवाह समाप्त भएको मानिन्छ ।[८३]

---

[८१] श्रीमती विष्णु कुमारी श्रेष्ठ, बर्ष ४७ सँगको अन्तरवार्तामा आधारित ।

[८२] पूर्ववत् पाद्टिप्पणी नं. १६ ।

[८३] पूर्ववत् पाद्टिप्पणी नं. ११ ।

### ५.५.४. बेहुलीलाई विदा गरी पठाउने :

वरीयाातलाई स्वागत सत्कार गरी भोज खुवाई विवाह कार्य सकेपश्चात बेहुलीलाई बिदाई गरी दुलाहको घरमा पठाउने प्रकृयाको सुरुवात हुन्छ । सर्वप्रथम विशेष किसिमले सिगांरिएको बेहुली र दुलाहसगै राखी धार्मिक अनुष्ठानका कार्यहरू साईत अनुसारको समय र दिशातर्फ बसी गरिन्छ । त्यसपछि विदाईको प्रतीक स्वरुप बेहुलीले आफ्नो बावुआमा र आफन्तहरूलाई सुपारी दिन्छिन् । तत्पश्चात दुलाहा र दुलहीसागै राखी "थायभु" खुवाउने कार्य समाप्त भएपछि मामाले दुलहीलाई बोकेर गाडीमा राख्न लाादा दुलहीको बहिनीहरूले बाटो छेक्छन् । दुलाहाले केही रकम दिए पछि बाटो छोडिदिन्छ । मामाले दुलहीलाई गाडी भित्र राखिदिन्छन । त्यसपछि दुलाहाको बाबुले दुफागा ( गाडीलाई छोप्ने विशेष किसिमको बाक्लो कपडा) ले गाडीलाई छोप्ने गरी ओढाईदिन्छ । आफन्तहरूको आाशु र खुशीको शुभकामनासहित दुलहीका आफन्तहरूले दुलहीलाई विदा गरी पठाउाछन् ।[८४]

## ५.६. वूढो जन्को : (भीमरथारोहण)

नेवार समुदायमा बृद्धहरूलाई सम्मान गर्ने परम्परा रही आएको पाईन्छ । यस परम्परा अनुरुप बढीमा ३ पटकसम्म बृद्धहरूको जन्को (बृद्ध पास्नी) गर्ने चलन छ । भीमरथारोहण भनिने वृद्ध जन्को (पास्नी) पहिलो पटक ७७ वर्ष ७ महिना ७ दिनमा गर्ने चलन छ । दोस्रो पटकको जन्को ८८ वर्ष ८ महिना ८ दिनमा गरिन्छ भने महारथारोहण भनिने तेस्रो पटकको जन्को ९९ वर्ष ९ महिना ९ दिनमा गरिन्छ । बूढो जन्को भईसकेको पुरुष वा महिलालाई देवता वा देवी सरह मानिन्छ । तसर्थ तिनीहरूको चित्त दुख्ने गरी केही भन्न नहुने र तिनीहरूले दिएको आशिष वा सराप दुवै लाग्छ भन्ने जनविश्वास रहेको छ । पहिलो पटक जन्को गराउादा विशेष खटमा राखि टोलमा परिक्रमा गराइन्छ ।[८५]

## ५.७. मृत्यु संस्कार :

नेवारहरूको मृत्यु संस्कार पनि आफ्नै किसिमले विकास भएको छ । यसको लागि जिन्द्रे सिगुठी, चौधरी सि.गुठी, परोपकार सिगुठी बनाइएको छ । सोही अनुरुप यस क्षेत्रका नेवार समुदायहरूले मृत्यु संस्कारलाई सम्पन्न गरेको

---

[८४] श्रीमती चिनी माया श्रेष्ठ, बर्ष ६५ सँगको अन्तरवार्तामा आधारित ।

[८५] पूर्ववत् पादटिप्पणी नं. १४ ।

पाइन्छ । गुठीको नायक वा नाय समुदायहरूबाट जेष्ठ नागरिकलाई बनाइएको हुन्छ । यसै नायको निर्देशनानुसार नै यस क्षेत्रका नेवारहरूले मृत्यु संस्कारलाई पूरा गर्छन् । खासगरी गुठीयारी दाजुभाईहरूले लास उठाउँछन् । नेवारहरूमा तेह्रौं दिनमा शुद्ध हुने चलन रहेको छ । त्यस्तै मासिक, पैंतालीस दिन, छ महिने, एक वर्षे, दुई वर्षे, बर्खी बार्ने काम सकेपछि मृत्त व्यक्तिलाई **"पितृ"** मान्ने चलन छ । नेवार समुदायहरूको मृत्यु संस्कार चार खण्ड गरी समापन गर्दछन् ।

द जीवनको अन्तिम क्षणमा गरिने संस्कार

द शवयात्रा

द दाहसंस्कार

द दाहसंस्कार पछि गरिने संस्कारहरू ।[डट]

## ५.७.१. जीवनको अन्तिम क्षणमा गरिने संस्काहरू :

नेवार समुदायहरूको कुनै मानिसको अन्तिम अवस्थामा गरिने संस्कारहरू यस प्रकारका रहेका छन्स

द गाईको गोवरद्धारा लिपिएको भूईमा राख्ने

द जीवनको अन्तिम क्षणमा पुगिसकेको व्यक्तिको शरीरलाई घरको मूल ढोका वा तुलसीको मठ अगाडि गोवरले लिपिएको भूईमा तिलकुश छरी राखिन्छ । प्राण त्याग हुनु अघि पवित्र जललाई एउटा बाटा वा थालमा राखी खुट्टा चोपल्ने गरिन्छ । खुट्टा पानीमा चोपल्ने कार्यलाई अर्धजल (तयगु) भनिन्छ । यसै स्थानमा गाईदान वा गौदान पनि गरिन्छ । यदि मृत्युबरण कुनै घाटमा हुने भए खुट्टा नदीमा डुवाई राखिन्छ । प्राण त्याग भईसकेपछि मृत आत्मा फर्किएर नआओस् भन्ने हेतुले मृत शरीरको छातीमा एउटा फलामको चक्कु राखिन्छ ।[डठ]

मृत्युवरण हुने वित्तिकै गुठीको पालो परेको व्यक्तिलाई मृत्यु भएको जानकारी दिइन्छ । गुठीको पालो परेको गुठियारले मृत्युबरणको बारेमा सबै गुठियारहरूलाई खवर गर्दछन् । सबै गुठीयारहरू भेला भई सामान्य भलाकुसारी र मृत्यु सम्वन्धी कुराकानी गरिन्छ । तत्पश्चात् गुठियारहरूले शवयात्राको लागि निम्न तयारीका कार्यहरू गर्दछन् :

द बाासको खट् बनाउने,

द चोखो पानीले लासको मुख धुने

---

[८६] पूर्ववत् पादटिप्पणी नं. १२ ।

[८७] ध्रुवकुमार श्रेष्ठ, वर्ष ६५ सँगको अन्तरवार्तामा आधारित ।

८ सबै लुगा फुकाली पहेंलो बस्त्र पहराइ दिने

८ महिला भएमा हातखुट्टा धोई विवाहमा प्रयोग हुने सिन्दुर, टीका, गाजल लोग्ने भए लोग्ने र नभएमा गुठियारहरू मध्ये एक जनाले लगाई दिने पुरुष भए हातखुट्टा धोईदिने टीका लगाईदिने ।[८८]

## ५.७.२. शवयात्रा :

नेवार समुदायमा मृतकको छोरा भए छोरा नभएमा गुठियार दाजु भाईहरूले पालो पालो गरेर शव उठाउने र बोक्ने कार्य गर्दछन् । तत्पश्चात् शवयात्रा सुरु हुन्छ । शवमा चामल, अविर फुल, लाभा (भुटेको धान) आदिले पूजा गरी शवयात्रालाई बिदा गरिन्छ । छोराहरू र अन्य इष्टमित्रहरू लाम लागि मलामी जान्छन् । शवयात्रासागै छोराहरू पनि संगै रुदैं जाने चलन छ ।

८ मकलमा धागोको बत्ति बालेर, मृत्तकले प्रयोग गर्ने सम्पूर्ण सामाग्रीहरू लिएर जान्छन्

८ गरुडपुराण अनुसार शवयात्रा गर्दा बाटोमा बसिराखेको भूतप्रेत र पिशाच आदिलाई पन्छाउन पिण्डदान स्वरुप लाभा, अविर, फूल, पैसा छर्दै जान्छन्

८ माटोको भााडामा गुइठा (सुकेको गोवर) बालेर लान्छन्

८ बाासको दुईवटा भााडोहरू मध्ये एउटामा चोखोपानी र अर्कोमा गाईको दूध राखी लिएर जान्छन्

८ टपरीमा घिउ, श्रीखण्ड, फूस्रो चामल, सिन्का, धुपदीप लिएर जान्छन्

८ नदीको किनारमा चिता निर्माण गरी शवलाई उत्तर शिर हुने गरी राखिन्छ ।[८८]

## ५.७.३ दाहसंस्कार :

मृतकको शवलाई घाटमा पुऱ्याई सकेपछि शवयात्रा टुंगिन्छ । गुठियारहरूले दाउराको तीनतल्ले चिता बनाउँछन् । तत्पश्चात् लाशलाई चितामा राखी निम्न कार्यहरू गर्दछन्स

८ अन्तिम विदाई स्वरुप सबै नातेदार, गुठियार र मलामी आउनेहरूले क्रमैसंगै गंगाजल खुवाईन्छ अन्तमा छोराद्धारा खुवाईन्छ ।

---

[८८] श्री चेतबहादुर श्रेष्ठ, बर्ष ६० सँगको अन्तरवार्तामा आधारित ।

[८९] पूर्ववत् पाद्टिप्पणी नं. ५ ।

८ दागबत्ती दिने व्यक्ति मृतकको बाबु भएमा जेठो छोराबाट र आमा भएमा कान्छो छोराबाट दागबत्ति दिइन्छ । यदि नभएमा माईलो तथा अन्य छोराबाट पनि दिने चलन छ ।

८ तत्पश्चात गुठियारहरूले लास जलाउने कार्य गर्दछन् ।

८ मृत आत्माको अस्थीलाई पहिले-पहिले कालीगण्डकीमा लगेर सेलाउने प्रचलन थियो । तर आजभोली सेती नदीमा अस्थी सेलाउने कार्य गरिन्छ ।

८ दागबत्ती दिने व्यक्तिले कसैलाई छुनु हुादैन ।

८ दाहसंस्कार गरी आईसकेपछि मृतकको घरमा घिउ, गोवर र गाईको गहुतबाट हात धोई आ-आफ्नो घरमा जान्छन् ।[९०]

## ५.७.४. दाहासंस्कार पछि गरिने संस्कारहरू :

नेवार समुदायमा मृतकको दाहासंस्कार कार्य सम्पन्न गरेपछि निम्न कार्यहरू गर्दछन् ।

### ५.७.४.१. विचा हनेगु : (सान्त्वनारसमवेदना दिन आउनेको कुरा सुन्ने)

कसैको मृत्यु भएमा सबै गुठियार दाजुभाईहरू र आफन्तहरू भोलिपल्ट बिहान नै मृतकको घरमा गइ मृत्यु हुनाको कारणको बारेमा सोधपुछ गर्नुको साथै मृतकको सम्पूर्ण परिवारलाई सान्त्वना एवं समवेदना प्रकट गर्दछन् । त्यस्तै अन्य नातेदारहरू र मित्र एवं साथीहरू पनि सान्त्वना एवं समवेदना दिन आउने गर्दछन् । गुठियारहरू बाहेक अन्यले १० दिन भित्र जहिले पनि सान्त्वना र समवेदना दिन गए हुन्छ । तर आजभोलि भने समवेदना दिन मृतकको फोटो सहितको समवेदना दिनेहरूको नाम उल्लेख गरी पत्रपत्रिकामा प्रकाशित गर्ने परिपाटीको विकास भएको पाईन्छ ।[९१]

### ५.७.४.२. दुःखय च्वनेगु वा किरिया च्वनेगु : (दश किरियामा बस्ने)

नेवार समुदायमा मृतकका छोराहरूले १३ दिन अनिवार्य रुपमा किरिया बस्नुपर्दछ । किरिया बस्दा १० दिनसम्म धोती फेरेर कसैलाई नछुने गरी अलग्गै बस्नुपर्दछ । उक्त अवधि भरी मृत आत्माको शान्तिको लागि डिकुरोमा पूजा गरिसकेपछि मात्र विहान एक छाक शुद्ध खाना खान्छन् । नेवार समुदायमा मृत

[९०] पूर्ववत् पादटिप्पणी नं. १२ ।

[९१] ऐजन ।

आत्माको चिर शान्तिको लागि सातौं दिनमा छोरी ज्वाईं मिली माछामासु सहितका विभिन्न परिकार बनाई मृतकको नाममा गाईलाई खुवाउने यदि गाईले नखाएमा सेतीनहरमा बगाउने चलन रहेको छ ।

किरिया बस्ने छोराहरूले घाटमा नै कपाल काट्दछन् । दशौं दिनका दिनमा तेह्र दिने दाजुभाई खलकले कपाल काट्छन् । यसै गरी दशौं दिनको बेलुकी ज्यापुखाा गरिन्छ । जसमा गुठियारी दाजुभाई लगायत अन्य छिमेकीहरूले मृत आत्मालाई धुप-बत्ति बालि तर्पण दिइन्छ । स्वर्गमा मृत आत्माको बास होस् । पूर्वज मृत आत्माहरूसंग मिलन होस् भनी पहेलो कपडा उल्टो भऱ्याङमा राखि पधेरामा लगी किरियापुत्रीले धुप बत्ति गरी तर्पण दिएपछि दशौ दिनमा गरिने ज्यापुखाा कार्य समाप्त हुन्छ । यस किसिमको कार्यले मृतक पूर्वमृतकहरूसँग मिलन हुन जानेछ भन्ने विश्वास यस क्षेत्रका नेवार समुदायमा पाईन्छ । मृत्यु भएको तेह्रौं दिनमा ब्राह्मण पण्डितबाट किरिया कार्य सम्पन्न गराइन्छ ।[९२]

## ५.७.४.३. घःसु कार्य :

नेवार समुदायले एघारौदिनमा ब्राहमणद्धारा होम गराई घरलाई शुद्ध पारिन्छ । आफन्तहरू सबैलाई होमको आगोमा घिउ अलिकति लिई हत्केलामा दलि हात ताप्न लगाइन्छ । यसलाई “लहा पनेगु भनिन्छ । त्यसपछि व्रह्माणलाई “सय्या दान” गरिन्छ । यो कार्य यस समुदायमा ११औं दिनमा गरिन्छ । जसमा व्यक्तिलाई आवश्यक पर्ने सबै सामानहरू पलङ्ग, भुल, दसना, जुत्ता, सुनको औठी, सिकी, चामल, दाल, आलु तथा पकाउने भाडाहरू इत्यादि दान दिइन्छ । त्यसपछि समयबजी (कालो भट्मास र अदुवासहित) खान दिईन्छ । पवित्र जल छर्कने कार्य गरिन्छ । यो सम्पूर्ण कार्यलाई घःसु भनिन्छ ।[९३]

## ५.७.४.४. बाहौं दिनको सपिण्डी श्राद्ध र सय्या दान :

बाह्रौं दिनमा पुरोहित ब्राह्मणबाट सपिण्ड श्राद्ध गराईन्छ । यस श्राद्ध गर्नुको अर्थ मृत आत्मालाई आफ्ना पुर्खाहरूसित मिलन गराउनु हो । श्राद्धको कार्य सकिएपछि श्राद्ध गराउने ब्राह्मण पण्डितले सबैलाई दहिमा मुछेको टीका र

---

[९२] पूर्ववत् पाद्टिप्पणी नं. २५ ।

[९३] पूर्ववत् पाद्टिप्पणी नं. २६ ।

श्राद्धको प्रसाद वितरण गर्दछ । त्यसबेला अर्को पुरोहित ब्राह्मणले बेद पढेर फूल प्रसाद वितरण पनि गर्दछ ।[94]

## ५.७.४.५. तेहौं दिनमा गरिने श्राद्ध र पिण्डवनेगु कार्य :

यस दिनमा पुरोहित ब्राह्मण पण्डितबाट श्राद्ध गरिन्छ । तत्पश्चात सबै दाजुभाइहरूसहित मृतकको परिवारका १३ दिने दाजुभाईहरू मध्ये सबै भन्दा बृद्धले मृतकको परिवार वाहेक अरु दाजुभाईलाई पूजा आजा फुकाउनु पर्ने भएकाले घरबाहिर कुनै पनि ठाउमा अस्थायीरुपमा भगवानको स्थापना गरी पूजा गरिन्छ । आफ्ना दाजुभाई सबैलाई राखि सो पूजा गरेको रातो टीका लगाईदिन्छन र सगुन चलाउने चलन छ । यस्तो कार्यलाई **"पिण्डबनेगु"** भनिन्छ ।[95] तेह्रो दिनमा गरिने कार्य समाप्त भएपछि दाजुभाई, इष्टमित्रहरू, छोरीज्वाई सबैलाई प्रसाद र दक्षिणा दिन्छन् । भने घाटमा गएका मलामीहरूलाई टिका लगाई दक्षिणाको साथै जिन्सीको रुपमा हाते रुमाल दिई भोजमा सरिक गराउाछन् ।

## ५.७.४.६. बरखी बार्ने :

किरिया कार्य समाप्त भएपछि एकवर्षसम्म सेतो लुगा लगाई मृतकका छोराहरूले वरखी बार्ने चलन रहेको छ । यसरी बरखी बार्ने आमाको मृत्यु भएकोमा दूध र बावुको मृत्यु भएकोमा दहि खान नहुने चलन रहेको छ । वरखी बारेको वर्ष र त्यस पछिको एक वर्षसम्म मृतकको घरमा निम्न कार्यहरू गरिन्छ ।

- ब्राह्मणद्वारा प्रत्येक महिना मासिक श्राद्ध गरी ब्राह्मणलाई दान र दक्षिणा दिनुपर्दछ ।
- मृत्यु भएको ४५ दिनमा लत्याको श्राद्ध गरिन्छ ।
- ६ महिनामा पनि श्राद्ध गरिन्छ । त्यसरी श्राद्ध गर्दा नातेदारहरूलाई भोज खुवाउनु पर्दछ ।
- एक वर्ष पछि गरिने श्राद्धलाई दकिला भनिन्छ । सोही दकिलाको दिनमा सेतो लुगाको सट्टा अन्य साधरण लुगाहरू छोराहरूलाई लगाउन दिईन्छ । आफन्तहरूलाई भोज पनि खुवाईन्छ ।

---

[94] श्री शेर बहादुर श्रेष्ठ, बर्ष ७० सँगको अन्तरवार्तामा आधारित ।

[95] पूर्ववत् पाद्टिप्पणी नं. ११ ।

८ दुईवर्षको श्राद्ध समाप्त भएपछि पितृहरू आ-आफनो लोक तर्फ देवता भएर जान्छन भन्ने जनविश्वास रहेको छ । अतः दोस्रो श्राद्धलाई अति महत्वपूर्ण पर्वको रुपमा मनाइन्छ ।[ढट]

माथि उल्लेखित सबै कार्यहरूको गर्नुको प्रमुख उद्देश्य मृत्यु भएर देह छोडेको आत्मा ईश्वरमा लीन हुन पाओस् भन्ने कामना गर्नु हो ।

[९६] पूर्ववत् पाद्टिप्पणी नं. ३२ ।

# परिच्छेद-छ

## ६. धार्मिक अवस्था :

नेवार समुदायहरू हिन्दुधर्मबाट अत्याधिकरूपमा प्रभावित छन् । उनीहरूको जन्म देखि मृत्युसम्म गरिने सबै क्रियाकलापहरू हिन्दूधर्मबाट प्रभावित छन् । तर पनि बैशाख पुर्णिमाको दिन बौद्ध गुम्वा गई गौतमबुद्धको दर्शन र पूजा गर्दछन् । धर्मको नाममा त्यति कट्टरता यस क्षेत्रका नेवारहरूमा पाईदैन् । उनीहरूले आफ्नो घरमा सबेरै निम पूजाबाट दैनिक कार्यको प्रारम्भ गर्दछन् । साझमा धुपबक्ति बाल्ने तथा ख्याक पूजा गर्ने चलन यद्यपी रहेको पाईन्छ । यी समुदायहरू मुसलमान समुदायसंग नजिक भएता पनि आजसम्म कसैले पनि मुसलमान धर्म अपनाएको पाइदैन् भने एक जनाले मात्र क्रिश्चियन धर्म अपनाएको छ । समग्ररुपमा यस क्षेत्रका नेवारहरू हिन्दु धर्मबाट अत्याधिक मात्रमा प्रभावित भएका छन् । गणेश तथा भीमसेन भगवानको पूजा गर्ने चलन अत्याधिक रहेको पाइन्छ भने देवी-देवता, स्वर्ग-नरक, पाप-पुण्य, पुर्नजन्म र भाग्य जस्ता कुराहरूमा अमिट आस्था रहेको पाईन्छ । दान, पुण्य र वली दिएमा धर्म हुन्छ, पाप नाश हुन्छ, ईश्वरलाई खुशी पारे स्वर्गको ढोका खुल्दछ भन्ने धारणा यस जातिमा रहेको पाईन्छ । यस क्षेत्रका नेवार समुदाय हिन्दू भएकाले अन्य जातिहरूले झै हिन्दू धर्मका मूल्य, मान्यता, परम्परा अनुसार चाडपर्व मनाउनुको साथै पूजाआजा गरेको पाईन्छ । जात्रा, चाडपर्व र उत्सवहरूको कहिल्यै नसकिने वर्षैभरिका श्रृङखला भित्र रहेका नेवारहरू अहिले पनि नेपालका सबै जातिहरूमध्ये साँस्कृतिक रुपले सम्पन्न मानिन्छन् । धार्मिक आस्थाको हिसाबले यिनीहरू हिन्दु वा बौद्ध मतावलम्वी छन् ।[९७] पाप-पुण्य, ईश्वर, भुत-प्रेत आदि कुरामा विश्वास गर्ने नेवार अंसख्य देवी-देवताहरूको पूजा आराधना गर्दछन् । कूल देवता लगायत रुखको फेद खोलाको तिर पानीको मुहान जताजतै देवी देवताको प्रतिमूर्ति स्थापना गरी अनेकौं देवी-देवताहरूको पूजा गर्दछन् । नेवार जातिमा प्रचलित मुख्य पूजा-आजाहरूमा भीमसेन पूजा, गणेश पूजा (निम

[९७] गोविन्द न्यौपाने, **नेपालको जातिय प्रश्न,** काठमाडौं, सेन्टर फर डेभलप्मेन्ट स्टडिज, नेपाल, २०००, पृ. ४८ ।

पुजा), धुपबत्ति बाल्ने कार्य, ख्याक पूजा, गौडी पूजा आदि हुन् भने वायुपूजा जस्ता अन्य पूजाहरू यस समुदायका मानिसहरूले छाडि सकेको छन् ।

## ६.१. गणेश तथा भीमसेन पूजा : (निम पूजा)

नेवार समुदायहरूले हरेक विहान घर लिपपोत सफा-सुग्घर गरीसकेपछि घरको मुख्य महिला वा जेठी बुहारीद्वारा गणेश तथा भीमसेनको धूप बत्ती बाली पूजा गर्दछन् यस्तो पूजालाई निम पूजा भनिन्छ । यस पूजामा सबैभन्दा पहिला मुल ढोका, कन्तुर आदिमा पूजा गरी परिवारका सदस्यहरूलाई टीका लगाइदिन्छन् ।

साँझमा घरमा धुपबत्ति बाल्दछन् । गणेश तथा भीमसेनको मूर्तिमा धुप बत्ति राख्छन् । यो नेवारहरूको परम्परादेखि चल्दै आएको रित हो ।

## ६.२ ख्याक पूजा :

घरबाहिर पूजा गर्न जाँदा होस् वा घर भित्र कुनै किसिमका काटमार गर्न परेमा नेवारहरूले घरभित्र भुत प्रेत नपसोस भनेर घरको आँगनमा पुजा गर्ने कार्यलाई ख्याक पूजा भनिन्छ । यो पूजा सेतो ख्याक र कालो ख्याक गरी दुई किसिमको हुन्छ ।

## ६.३ गौडी पूजा :

गौडी पूर्णिमाको दिनमा आफ्नो गोठमा भएका गाइवस्तुहरूलाई रोग नलागोस्, गोठ सधै भरीभराउ होस् भनि गौडी पूजा गर्ने चलन यस क्षेत्रका नेवार समुदायमा रहेको छ ।

## ६.४ चाडपर्व तथा नाचहरू :

आर्य भूमि, ऋषिहरूको तपोभूमि, देवभूमि, यस देशमा अनगन्ति चाडपर्वहरूले अनादि कालदेखि जरो गाडेको पाइन्छ । हाम्रा अनेक प्राचिन ग्रन्थहरूमा यस्ता चाडपर्वहरू उल्लेख गरेको पाइन्छ । त्यसमा पनि नेवार समुदायमा चाडपर्व तथा उत्सवहरूको विशेष महत्व र स्थान रहेको पाइन्छ । नेपाली समाजमा बोलचालको भाषामा चाड र पर्वलाई एउटै रुपमा सम्बोधन गरेको छ । साधारण अर्थमा चाड भन्नाले आ-आफ्नो घरमा बसेर परिवारमा मनाइने उत्सवलाई चाड भनिन्छ भने सार्वजनिक स्थलमा भेला भएर मनाइने

जात्रालाई पर्व भनिन्छ ।[९८] यस्ता चाडपर्वहरू थुप्रै किसिमका हुन्छन् । कुनै चाडपर्वले धार्मिक भावना व्यक्त गरेको हुन्छ भने कुनै चाडपर्व सामाजिक तथा सांस्कृतिक जीवनसाग सम्वन्धित हुन्छ । यसर्थ चाडपर्व शव्दले सामाजिक जीवनका विविध पक्षको धार्मिक/सांस्कृतिक गरिमाको बोध गराउाछ ।

पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म र उत्तरमा हिमालदेखि दक्षिणमा तराईका फााटहरूसम्म फैलिएको नेपाल भौगोलिक दृष्टिले विविधतापूर्ण छ । क्षेत्रफलका आधारमा सानो देश हुादा हुादै रीतिस्थिति, चाडपर्व, विविध जात-जाति, भाषा-भाषीको बसोबास भएका विभिन्न धर्म, पर्व तथा मान्यताको कारणले नेपाल बहुभाषिक, बहुसाास्कृतिक, बहुसंस्कारपूर्ण महान मुलुक रहेको छ । यहााका विविध जनजाति र विविध धर्मालम्वी नागरिकहरूले मनाइने चाडपर्वहरूले गर्दा नै नेपालको पहिचान र अस्तित्वको उजागर भएको छ । हरेक समाज वा समुदायमा विभिन्न जातजाति, भाषा-भाषी संस्कृति भएका मानिसहरू मिलेर बसोबास गरेका छन् । सबैको आ-आफ्नै प्रकारको परम्परा, संस्कार, चाडपर्वहरू आदि छन् । सबैले छुट्टै-छुटै तवरले मनाउने गर्दछन् । नेपाली संस्कृति भन्नु नै यहााको विभिन्न जनजाति, भाषाभाषी, जात, सम्प्रदाय, धर्म र परम्पराहरूको संस्कृतिको मिश्रीत स्वरुप हो । राष्ट्रिय संस्कृतिको निमार्ण र विकासमा स्थानीय संस्कृतिले अहम भूमिका निभाएको तथ्यलाई कसैले नकार्न सक्दैन । नेवारहरूले आफनो संस्कृतिलाई जोगाई राख्न आफनो चाडपर्वलाई निरन्तरता दिई राष्टिय संस्कृतिमा टेवा पुऱ्याई राखेको छ । कुाडहर क्षेत्रमा बसोबास गर्ने नेवारहरूको सांस्कृतिक परम्परामा आफ्नो जातिलाई चिनाउने खालका आफ्नै किसिमका चाडपर्वहरू रहेका छन् । उनीहरू विभिन्न चाडपर्वहरू जस्तै सिठी नखः, गठेमङ्गल, नागपञ्चमी, रक्षाबन्धन, बडादशैं, तिहार, म्हपूजा, फागु पर्व, विस्केट पर्व बढो हर्सोलासपूर्ण वातावरणमा भोजभतेर र नाचगान गरी मनाउादछन् । यस्तै धार्मिक भावनाबाट प्रेरित भएर विभिन्न नाचहरू पनि नचाउँछन् जसमा तयामचा नाच, कृष्ण लिला, भजन (चौमास हरिकृतन) प्रमुख छन् ।[९९]

## ६.४.१. सिठी नख :

---

[९८] प्रा.डा. श्री रामप्रसाद उपाध्याय, नेपालको सामाजिक आर्थिक तथा प्रशासनिक इतिहास, काठमाण्डौं, रत्नपुस्तक भण्डार, नेपाल, वि.सं. २०५६, पृ. ९८ ।

[९९] श्री योगेन्द्रमान श्रेष्ठ, बर्ष ५३ सँगको अन्तरवार्तामा आधारित ।

यो पर्व यस क्षेत्रका नेवार समुदायले मनाउने एक प्रमुख चाड हो । **“सिठीको** संस्कृत “षष्ठीको शव्दको परिवर्तित रुप हो । नेवारीमा **नखः** को अर्थ चाड भन्ने बुझिन्छ । ज्येष्ठशुक्ल षष्ठीको दिनमा सिठी चाड मनाइन्छ । यस पर्व पछि नेवार समुदायको चाडपर्वहरू प्रारम्भ हुन्छन । यस पर्वको दिनमा पूजाआजा गरी भट्ट, चिउरा, रोटी, सिन्कमारी मासु आदि खानेकुराहरू खान्छन् । उक्त दिन गणेश र भिमसेनको पुजा गरिन्छ । यसै दिन षडानन्द कार्तिकेयको पनि जन्म भएको हो । यसको भोलिपल्ट अर्थात् सप्तमी सिठीको चाडकै पृष्ठभूमिमा कुमारको खटजात्रा सम्पन्न हुन्छ । यो पर्व वर्षपिच्छे मनाइन्छ । यस पर्वले सफासुग्घर राख्नुपर्छ । मानिस मिहिनेत र परिश्रमले ठूलो बन्छ भन्ने कुराको सन्देश दिन्छ ।[१००]

## ६.४.२. गठेमङ्गल :

रोपाइपछिको पहिलो चाड गठेमङ्गल (घण्टाकर्ण चतुदर्शी) यस क्षेत्रका नेवार समुदायहरूले दोबाटो र चौबाटोमा नर्कटको लिङ्गाकृत तीनखुट्टे गठेमङ्गल ठड्याई मनाउाछन् । साउन कृष्ण चतुर्दशीका दिन बिहानै गठेमङ्गल बनाई केटाहरूले **“घण्टाकर्णको जगातले”** भन्दै बटुवाहरूसाग जगात अर्थात् कर माग्ने परम्परा रहेको छ । गठेमङ्गलमा फलामका औंठी लगाउने गरिन्छ । यस चाडमा महिलाहरू हातमा मेहन्दी(लैंचा) लगाउने र स-साना नानीहरूले आफूले खेल्ने पुतलीहरू गठेमङ्गलमा नै झुन्ड्याई राख्ने गर्दछन् । घाम अस्ताएपछि कुनै एक चण्डाल (हालाहुलु) हातमा छवालीको चिराग समात्न लगाई गठेमङ्गललाई तीनपटक टोल परिक्रमा गराएर ढालेपछि नजिकको नदीमा पुऱ्याई विसर्जन गर्दछन् । त्यसपछि टोलका मानिसहरू आफ्नो घरबाट माटोको पालामा चिउराको ढुटो, कट, (जााडको छोक्रा) राागाका फोक्सोका टुक्रा, रगत, लसुन, छ्यापी र एउटा सिंगै काचो अण्डा राखि चिकंधाला बछ्रा कचा र बौ स्वा (फूलका प्रकारहरू) ले सिागारेर बौ राखी भूत पन्छाउँछन् । त्यसरी भूत पन्छाउन लग्नु अघि सिंगारिएको बौलाई बीचमा राखी चारैतर्फ परिवारका सबै सदस्य बसेर लसुन छ्यापी साथै समेबजी खाने परम्परा छ । मौन रहेर बौ राखेपछि घरको मूल ढोकाका ठेलोमा (लुखाखरु) तीन खुट्टे किला ठोकिन्छ ।[१०१]

---

[१००] श्री प्रेम वहादुर श्रेष्ठ, वर्ष ७३ सँगको अन्तरवार्तामा आधारित ।

[१०१] श्री सन्तोष कुमार श्रेष्ठ, वर्ष ३८ सँगको अन्तरवार्तामा आधारित ।

### ६.४.३. नागपञ्चमी :

नेवार समुदायहरूले परापूर्वकालदेखि मनाउदै आएका पर्वहरू मध्ये नागपञ्चमी पनि एक हो । यो पर्व नागलाई पानी र वर्षाका देवताको रुपमा मानिन्छ । समयमा वर्षा होस् र वर्षायाममा वाढीपहिरो नजाओस्, धनजनको विनास नहोस् भन्ने उद्देश्यले नागपञ्चमी मनाउदै आएको पाइन्छ । यस क्षेत्रको उत्तरतर्फ रहेको कमलपोखरीबाट कमलका पातहरू ल्याई घरको मूल ढोकामा विधिपूर्वक पूजाआजा गरी टासिन्छ ।[102]

### ६.४.४. रक्षाबन्धन :

हिन्दुहरूको धार्मिक तथा साँस्कृतिक पर्व जनै पूर्णिमा नयाा यज्ञोपवित्र धारणा तथा रक्षा-बन्धन गरी धुमधामका साथ मनाउाछन् । हिन्दु दर्शनअनुसार जनैलाई ब्रह्मासूत्र अर्थात ज्ञानको धागो भनिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छ । यस पर्वमा यसक्षेत्रका नेवार समुदायहरूले आफ्नो कुल ब्राहमण पण्डितहरूबाट "ताओ" (एक प्रकारको धागो) लगाउने चलन रहेको छ । त्यस वापत पण्डितहरूलाई दान दिन्छन् । आजभोलि बजारमा आएका कृतिम तथा आधुनिक प्रकारका डोरीहरू बााध्ने चलन रहेको छ । यस पर्वलाई अत्यन्त सकारात्मक तथा विश्वासपूर्ण वातावरणमा मनाउने गर्दछन् । यसलाई नेवारी समाजमा **ब्याजा नकेगु** को नामले चिनिन्छ । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका विशेष उत्साह, श्रद्धा र स्नेहपूर्वक रक्षाबन्धन पर्व मनाइन्छ । यो पर्व विभिन्न नामबाट पनि चिनिन्छ । उक्त दिनमा सम्पूर्ण नजिकका आफन्तहरूलाई निमन्त्रणा गरी विभिन्न प्रकारका खानेकुराहरू खुवाउने तथा टीका लगाई दक्षिणा दिने चलन छ । खासगरी यस दिन क्वाटी खाने प्रचलन छ ।[103]

### ६.४.५. वडा दशै :

समग्र नेपालीहरूको महान पर्व वडा दशैं हो । नेवार समुदायले वडादशै पर्व धुम धामसाग मनाउछन । प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदाको दिनदेखि

---

[१०२] पूर्ववत् पाद्टिप्पणी नं. ३ ।

[१०३] पूर्ववत् पाद्टिप्पणी नं. ४ ।

कोजाग्रत पूर्णिमासम्म नेपालमा वडादसै राष्ट्रिय समन्वय र एकताका लागि राष्ट्रिय चाडका रुपमा मनाइादै आईरहेको छ । संस्कृतको दशमी शव्दबाट अपभ्रंश भई दशै शब्द बनेको छ । नेपालमा मनाइने विभिन्न चाडहरू मध्ये प्रमुख चाड भएकोले यसलाई वडा दसैं भनिएको हो । यस पर्वको सुरुको दिन घटस्थापनाको विहानै खोलाबाट बालुवा ल्याई जमरा राख्छन् भने अष्टमीको दिन पहिलै देखि व्यवस्था गरिएको रागो काट्छन् । यस पर्वको दशमी दिन अन्य दिनको तुलनामा महत्वपूर्ण मानिन्छ । यसै दिन मान्यजनहरूका हातबाट दही, चामल, अविरमिश्रीत रातो टीका र जमरा लगाई आर्शीवाद लिने गरिन्छ । यो कार्य पूर्णिमा सम्म निरन्तर रुपमा चलिरहन्छ । तर व्राहृमण समुदायमा भने दशमीको दिनमा मात्र उक्त कार्य गरिन्छ ।[१०४]

## ६.४.६. तिहार :

काग, कुकुर, गाई, गोरु तथा दाजु-भाईलाई पूजा गरेर सबै प्राणीहरूलाई सम्मान गर्न सिकाउने, अध्यारोबाट उज्यालो तिर लिएर जाने प्रकाशको उत्सव हो । जडतारुपी औसीको अध्यारो रातलाई चेतनारूपी बत्ती बालेर चुनौती दिने हुनाले यस चाडलाई दीपावली, दीपमालिका, ज्योतिपर्व, प्रकाशपर्व आदि नामबाट पनि चिनिन्छ । कार्त्तिक कृष्णपक्षका त्रयोदशी, चतुर्दशी, औसी र शुक्लपक्षका प्रतिपदा र द्वितीया गरी पााचवटा तिथिहरूमा क्रमशः कागतिहार, कुकुरतिहार, गाईतिहार, गोरुतिहार र भाईतिहार मनाईने हुादा “तिहार” (संस्कृतिमा तिथिबार र हिन्दीमा त्यौहार) नामले चिनिन्छ । यस पर्वलाई यमपञ्चक पनि भनिन्छ । यस तिहारलाई यस क्षेत्रका नेवारहरूले अत्यन्त उत्साहपूर्ण तवरबाट मनाउने गर्दछन् । यस क्षेत्रका नेवार समुदायहरूले पााचदिन सम्म सम्पूर्ण जीवनजगत् र मृत्युजगतका नरनारी, पशुपक्षी, वन, पर्वत, मृत्युदेवता आदिलाई बनस्पति-जगत्का फुलमाला आदिबाट पूजाआजा गर्दछन् । देउसी-भैलो तथा रोटेपिङ खेली एवम् सेलरोटी र मिठाई खाई-खुवाई औसीको अध्याारोमा झिलिमिली बत्ती बालेर मनाईने तिहार नेपालीहरूको रसिलो, मौलिक सामाजिक चााड हो ।[१०५]

## ६.४.७. म्हपूजा :

---

[१०४] श्री नगेन्द्रमान श्रेष्ठ, वर्ष ५३ सँगको अन्तरवार्तामा आधारित ।

[१०५] पूर्ववत् पादटिप्पणी नं. ३ ।

यमपञ्चकको चौथौं दिन अर्थात कार्तिक शुक्लपक्षको प्रतिपदा तिथिमा मनाइने म्हपूजा नेपाली राष्ट्रिय चाडपर्वहरूमा अद्धितीय र विशिष्ट रहिआएको छ । नेवार समुदायमा म्हपूजा चाडपर्वहरूको राजा हुन गएको छ । विभिन्न जातिहरूमा बाँडिएको नेवार समुदायमा सबै चाँडपर्वहरू समान रुपमा मान्य छैनन् । तर म्हपूजा सबै नेवारहरूद्धारा मान्य हुन गएको पर्व हो । नेवारहरूले सामुहिक संस्कृति र मौलिक पहिचानको संवाहक म्हपूजाको दिनदेखि नै नेवार जातिको संवत अर्थात नेपाल संवतको शुभारम्भ भएको पाइन्छ । म्हपूजा पर्वको नामाकरण नेवार भाषाको म्ह र पूजा यी दुइवटा शब्दबाट हुन गएको छ । म्ह को अर्थ शरीर हो भने पूजा शव्दको पूजनम् अर्थात अर्चना, आराधाना आदि अनेक अर्थ छन् । अतः म्हपूजाको सामान्य अर्थ हो शरीर पूजा । गर्भाधानदेखि अन्त्येष्टिसम्मका सबै सोह्र संस्कारहरू मानवशरीरको मार्जनसाग सम्वन्धित छ । हाड, मासु, रगत आदि प्राणीका समग्र अङ्गहरूको संयुक्त नाम नै शरीर हो । जसलाई देह, तन, जीउ आदिको नामबाट पनि चिनिन्छ । “नित्य”, नैमित्तिक र “काम्य” गरी पूजाका पनि तीन भेद छन् । शिव, विष्णु, गणेश आदिको प्रतिदिन गरिने पूजालाई यस क्षेत्रका नेवारहरूले नित्यपुजा भन्दछन् । सन्तानको जन्म आदि भएको विशिष्ट सर्न्दभमा विशिष्ट उत्सव मनाउने प्रसङ्गमा गरिने पूजा नैमित्तिक पूजा हो । विशेष कामना अर्थात सुख, सौभाग्य आदिको आकाक्षाले अथवा अनिष्टनिवारणका निमित्त गरिने सरस्वतीपूजा, दुर्गापूजा आदि काम्यपूजा हुन् म्हपूजा पनि यसै काम्यपूजा अन्तर्गत पर्दछ । यसरी हाम्रो शरीरलाई आदर-सत्कार, मान-सम्मान गरेर श्रद्धाभक्तिपूर्वक फूल, अक्षता आदि चढाएर जीवन यात्रामा सफलताको कामनाबाट पूजा-अर्चना गरिने चाडको नाम म्हपूजा हो । अत्यन्त सक्षेपमा भन्नुपर्दा स्वस्थ शरीरद्धारा नै सबै प्रकारका धार्मिक, अध्यात्मिक, साँस्कृतिक, सामाजिक, राजनीतिक आदि कर्महरू गर्न सकिन्छ । अतः यी सबै कार्यहरू सफलतापुर्वक सम्पन्न गर्नका लागि सर्वप्रथम शरीरको रक्षा गर्नुपर्छ भन्ने कुरा नै यस पर्वको प्रमुख उद्देश्य हो ।

यो पूजा गर्दा सबै भन्दा पहिले नुवाई-धुवाई गरी शुद्ध र नयाँ लुगा लगाउनुका साथै म्हपूजा गरिने ठाउँलाई लिपपोत गरी पवित्र बनाईन्छ । त्यस पवित्र स्थानमा रेखा खिचि रेखाद्वारा एउटा कलात्मक राम्रो म्हपूजामण्डल बनाईन्छ । म्हपूजामण्डल बनाउने क्रममा तेल, पीठो, अक्षता, लावा, भटमास,

मास आदिबाट कमलको फूलको आकारको (अष्टमण्डल) चित्रमण्डल बनाईन्छ । त्यस ठाउलाई गोदावरी, मखमली आदि फूलहरूबाट सजाइन्छ । सर्वप्रथम अग्रपुज्य गणेशको पूजनका क्रममा एउटा सुकुन्दा (नागक्षत्र भएको गणेश र कुण्डसहितको बुट्टदार सहितको पानस) स्थापना गर्नका लागि रेखी हालिन्छ । घरमा जति जना छन् ती सबैका लागि शरीरको प्रतीक मण्डल तयार गरिन्छ । म्हपूजाका लागि कसैप्रति कुनै भेदभाव वा असमानता गरेको पाइन्न । त्यस दिन यदि घरमा कुनै पाहुना छन् भने उनीहरूका लागि पनि घरका सदस्यसरह नै मण्डल बनाई म्हपूजा गरिन्छ । यमराज र यमराजका दूतहरूका साथै घरमा रहेका घैटो, कुचो, जाातो आदि बस्तुहरूलाई पनि सम्मान दिई तिनका लागि समेत चित्रात्मक रेखी हालिन्छ । मण्डल बनाउने काम सकिएपछि मण्डलछेउ विमिरो, कटुस, आदि अन्य फलहरू पनि अलग अलग साना डालीहरूमा राखिएका हुन्छन् । फल राखिएका डालीहरू माथि फूलैफूलका माला र झलमल्ल झल्कने रेसमी धागोबाट बनाइएका मालाहरू राखिएका हुन्छन् । मण्डलको दाहिनेतर्फ विशेष तरिकाले बाटिएको पााच ईन्च लामो धागोको तेलबत्ती स्थापना गरिएको हुन्छ । जसलाई खैलुइता भनिन्छ । यो म्हपूजाको सुरुदेखि समापनसम्म अविच्छिन बलिरहनुपर्छ, अन्यथा अशुभको संकेत मानिन्छ । यस पुजाको लागि ओखर महत्वपूर्ण फलफूलको रुपमा लिईन्छ । हाम्रो शरिर ओखर जस्तै सुदृण बनोस् । हामी जीवनमा साहासी एवम् सहिष्णु बन्न सकोस् भन्ने सन्देश ओखरबाट पाइन्छ । अक्षताहरूले अन्नको रुपमा हाम्रो जीवन रक्षा गर्छन । लावाले शान्तिको सन्देश दिन्छन् भने धानबाट समृद्धि झल्कन्छ । विमिराले शरिरलाई स्वच्छ राख्न सिकाउाछ भने मखमली फुलले शारीरिक सौन्दर्यको महत्वलाई बुझाउाछ । धूपदीपबाट यश र कीर्ति फैलाउने सन्देश पाईन्छ भने दुबो, तेल आदिबाट दीघार्यु बन्ने मनोबैज्ञानिक प्रेरणा पाईन्छ । त्यसरी नै दहीबाट शीतलता र भटमासबाट जीवनमा सुरक्षाको महत्वलाई बुझ्न सजिलो हुन्छ । अण्डा र अय्ला (रक्सी) बाट शक्ति र साहस पाइन्छ भने फलफूलबाट प्रसन्नता र स्थिरताको भावना वढाउन सकिन्छ ।[१०६]

## ६.४.८. फागु पर्व :

[१०६] ऋषि प्रसाद शर्मा, **नेपालका राष्ट्रिय चाडपर्व,** काठमाण्डौं:, रत्नपुस्तक भण्डार, नेपाल, वि.सं. २०६३, पृ. १०७ ।

जातिपाती, छुवाछुत, सानो-ठूलो र धनी-गरीबको भेदभावलाई भुलाई सबैलाई एउटै रङ्गमा रंगाउने **"फागु"** पर्व नवचेतना, समता र सद्भावनाको प्राकृतिक स्रोत हो । यो पर्व यस क्षेत्रका नेवार समुदायहरूले मनाउादै आएका विभिन्न पर्वहरू मध्ये एक प्राचिन पर्व हो । यसलाई अर्को भाषामा होली पनि भनिन्छ । यस पर्वको उपलक्ष्यमा विभिन्न किसिमका रंगहरू साटासाट गर्दै एक-अर्काको विचमा रंग लगाउने गरिन्छ । प्राय गरेर बेलुकी तीन, चार बजेबाट वूढा तथा तन्नेरी एक-अर्काको घरमा गई रङ्ग साटासाट गरी लगाउने गरिन्छ भने बालबालिकाहरू विहानैदेखि अविर खेल्दछन । कोही यस पर्वको उपलक्ष्यमा भोज खान्छन् । तर आजभोलि होली अर्थात फागुको उपलक्ष्यमा लोला हान्ने, फोहर पानी छ्यापी, तरुनीहरूलाई लतपत पारी संस्कृतिमा विकृति ल्याउने क्रियाकलापहरू बढेको देखिन्छ । यसलाई रोक्नुपर्ने वा सुधार गर्नुपर्ने देखिन्छ ।[107]

## ६.४.९. विस्केट पर्व :

यस क्षेत्रका नेवारहरूले प्रत्येक चैत्र महिनाको अन्तिम दिन र नयाावर्षको पहिलो दिन गरी दुईदिन विस्केट पर्व मनाउने गर्दछन् । यस पर्वको पहिलो दिन लुखापिखा पूजा गरिन्छ । (लुखा भनेको ढोकाको पूजा, पिखा भनेको ढोका बाहिर पूजा गर्ने कार्य) त्यस पश्चात घर भित्र निमपूजा गरी भीमसेन भगवानलाई कुखुराको भाले वलि दिइन्छ । यस पर्वको अर्कोदिन आफ्ना सम्पूर्ण आफन्तहरूलाई घरमा बोलाएर टीका टाला लगाई दान दक्षिणा दिने र भोज खुवाइन्छ । विस्केट पर्वको उपलक्ष्यमा पहिले-पहिले जात्रा निकालिने गरिन्थ्यो तर आजभोलि भने निकालिदैन् । यस पर्वपछि नेवार समुदायको यस वर्षको चाडपर्वहरू समाप्त भएको मानिन्छ ।[108]

## ६.४.१०. तयामचा नाच :

गाईजात्रा नेपाली समाजको एक महत्वपूर्ण सांस्कृतिक पर्व हो । यो नेवार संस्कृतिबाट सुरु भएको जात्रा हो । नेपाली समाजमा गाईजात्रा व्यङ्ग्य गर्ने दिनको रुपमा समेत परिचित छ । गाईजात्रा नेवार समुदायमा पितृगणको संझनामा गाई तथा गोरुको रुपमा धारण गरी टोल-टोलमा घुमाउने गर्दछन् । गाईजात्रा भाद्र शुक्ल प्रतिपदा अर्थात जनै पूर्णीमाको भोलिपल्ट मनाउछन् । यही

---

[१०७] श्री चेत बहादुर श्रेष्ठ, वर्ष ६० सँगको अन्तरवार्तामा आधारित ।

[१०८] श्री युक्त बहादुर श्रेष्ठ, बर्ष ७७ सँगको अन्तरवार्तामा आधारित ।

गाईजात्राको उपलक्ष्यमा तयामचा नाचको आयोजना गर्दछन् । यो नाच यस क्षेत्रको महत्वपूर्ण सम्पदा हो । आफ्ना पित्रीहरूको संझनामा नाचिने नाच हो । मारुनीहरू स्वर्गका परीहरू र लुठा तथा जोकरहरूलाई राक्षसको रुप धारण गरी यस तयामचा नाच नचाईन्छ । यो नेवारहरूको मौलिक नाच हो । नाचमा मुखले गाउने गीतको प्रयोग नहुने र नेवारी समुदायको बाजा खि ं(मुदुङ्गा) र झ्यालीको प्रयोग हुनु यसको विशेषता हो । यो नाचमा प्रयोग हुने संगीत शास्त्रीय संगीत तथा नेवारी संस्कृतिमा आधारित अन्य नाचहरूसंग मिल्दो जुल्दो जस्तै देखिन्छ । तर यसको स्वर लिपि भने आजसम्म बन्न सकेको छैन् । यस नाचको सुरुआत काहाबाट भयो कहिले भएको हो भन्नेबारेमा कुनै पौराणिक अभिलेख वा प्रमाण अहिले सम्म पाइएको छैन् । यस क्षेत्रका नेवारहरू भक्तपुरबाट आएको हुदा उनीहरूले यो नाच भक्तपुरबाट ल्याइएको हो भन्ने कुरामा विश्वस्त छन् ।[109]

## ६.४.११. कृष्णलिला :

नेवारसमुदायको महत्वपूर्ण अर्को सम्पदा कृष्ण लिला नृत्य हो । कृष्ण लिला नृत्य प्रत्येक वर्ष कृष्णाजन्माष्टमी पर्वको उपलक्ष्यमा नचाइन्छ । यो नृत्यमा राति १२ बजे काल्पनिक सुन्दर बालकलाई कृष्णको रुपमा धारणा गराई जन्माईन्छ । मारूनीहरू कृष्णलाई घेरेर वरीपरी नाच्दछन् भने जोकरको रुपमा लखरपाडेले कृष्णलाई चोर्ने प्रयास धेरै चोटी गर्दछ । तर ऊ असफल हुन्छ । यसरी दुई घण्टा जति कृष्ण लिला नृत्य हुन्छ ।[110]

## ६.४.१२. भजनः (चौमास हरीकृतन)

यस क्षेत्रका नेवार समुदायहरूले हरीशायनी देखि हरी बोधनी एकादशी सम्म हरीकृतन भजन गर्ने चलन रहेको छ । यस किसिमको भजन गणेशको स्तृती गर्दै विभिन्न देवदेवताहरूको नाममा भजन गर्ने चलन रहेको छ । प्रायः गरेर साझमा टोलका युवा, अर्धबैशे तथा बृद्धहरू जम्मा भई राधाकृष्ण मन्दिरको प्राङ्गणमा यस किसिमको भजन गर्दछन् । तवला, हार्मोनियम, खिन, झ्याली आदि वाद्यवाधनको प्रयोग गर्दछन् ।[111]

---

[109] पूर्ववत् पाद्टिप्पणी नं. ३ ।

[110] पूर्ववत् पाद्टिप्पणी नं. १२ ।

[111] श्री नरेन्द्रमान श्रेष्ठ, बर्ष ५५ सँगको अन्तरवार्तामा आधारित ।

# परिच्छेद-सात

## ७. आर्थिक अवस्था :

मुसलमानहरू यस क्षेत्रमा बसोबास गर्ने पहिलो जाति हो । त्यस पछि ब्राह्मण र नेवारहरू क्रमशः बसोबास गर्न थालेका हुन् । नेवार जाति व्यापारको सिलसिलामा यस क्षेत्रमा आएका थिए । तर त्यस बेला बस्ती कम भएकोले र प्रशस्त जमिन भएकोले खेतीपाती गर्न थाले । पछि समयको गतिसंगै नेवार जनसंख्याको वृद्धि र वरपरका अन्य जातिहरू आई बसोबास गर्न थाले । यसले गर्दा खतीयोग्य जमिनको कमी हुन गएकोले व्यापार तिर आर्कषित भएको पाईन्छ । यहाँका नेवार समुदायका मानिसहरूको मुख्य पेशा व्यापार भएता पनि कृषिलाई पनि अंगालेको पाइन्छ । अन्य कार्यपनि यहााका मानिसको पेशाको रुपमा चिनिएको छ । यी जातिहरूको आर्थिक उपार्जनको मुख्य स्रोतहरू कृषि, पशुपालन, उद्योगधन्दा, व्यापार व्यवसाय, नोकरी, ज्याला मजदुरी र वैदेशिक रोजगारी आदी रहेका छन् ।

## ७.१. कृषि :

यहाँका नेवार समुदायले धेरै अगाडि देखि नै कृषि पेशालाई अंगाल्दै आएको पाइन्छ । यिनीहरूले पोखरा महेन्द्रपुल र तेर्सापट्टी निवासी नेवार साहुहरूको खेत अधियाा तथा ठेक्कामा कमाउने गर्दछन् । वहुसंख्यक नेवारहरूको मुख्य दोस्रो पेशा कृषि हो । यहाा कुल ८० घर नेवार समुदाय रहेकोमा जम्मा १२ घर परीवार कृषि पेशा अवलम्वन गरेको पाइन्छ ( परिशिष्ट नं. ३, ४ र ५) । त्यसबेला कृर्षि कार्यको रुपमा प्रशस्त मात्रामा कोदो, मकै, धान र गाहु उत्पादन हुन्थ्यो । यहााका मानिसहरूले खेत र बारीमा कृषि कार्य गर्दछन् । आजभोलि चीन सरकारको सहयोगबाट निर्मित सेती नहर सिचाई आयोजनाको कारणबाट बारीमा पनि धान उत्पादन गर्नुको साथै विभिन्न किसिमका तरकारीहरू उत्पादन गरिन्छ । यसको साथै गाई, गोरु, वाखा भैसी कुखुरा पाल्ने कार्य पनि हुदै आएको छ भने फलफूल उत्पादनको रुपमा आाप, लिचि, आरु, बेलाउती आदि फलफूल उत्पादन गरिन्छ । जनसंख्याको वृद्धिको कारण खेतीयोग्य जमिनमा प्लटिङ् गर्ने प्रचलनले खेतीयोग्य जमिन टुक्रिदै गएको छ । युवापुस्ताहरू विदेशतिर पलायन

हुने चाहना, कृषिमा देखिएका विविध समस्याहरूको कारणबाट कृषि कार्य गर्नेहरूको संख्यामा कमि आईरहेको छ । प्रायः सबै परिवार ठूलो भएकाले जमिन वााडफााड गरी बस्नको लागि सानो सानो टुक्रामा घर घडेरी मात्र राखेका छन् । अझ पनि केहीले अरु जातिसागै मिलेर खेतीपातीमा जान छाडेका छैनन् । उनीहरू निरन्तर रुपमा खेतीपाती गर्दै आइरहेका छन् ।[११२]

## ७.२. पशुपालन :

कुाडहर क्षेत्रका नेवार समुदायहरूको अर्को मुख्य व्यवसाय पशुपालन हो । यहाा पशुपालन व्यवसायिक रुपमा नभईकन जीवन निर्वाह गर्ने उद्देश्यले विभिन्न किसिमका पशुलपालनहरू पाल्ने प्रचलन रहेको पाइन्छ । खासगरी यहााका नेवार समुदायहरूले दूध, घ्यू, मासु तथा मलको लागि पशुपालन कार्य गरेको बढी पाइन्छ । यस क्षेत्रमा भैसी, गाई, गोरु, बाखा, वंगुर, कुखुरा आदि पशुहरू पाल्ने गर्दछन् । खासगरी भैसीपालन तथा गाईपालन (छोरा र छोरीको लागि दुध, गोरु खेतबारी जोत्नको लागि, बाखा, कुखुरा, हाास, घरमा मासु खानको लागि) आदि उद्देश्यको लागि पशुपालन गरेका पाईन्छन् । यस क्षेत्रका नेवार समुदायहरूले धेरै वर्ष अगाडि भेडा पाल्दथे तर आजभोलि पालेका छैनन् । यस क्षेत्रका १ घरपरीवार वंगुरपालन, कुखुरापालन र माछापालन कार्यप्रति आकर्षित भई व्यवसायिक रुपमा अंगालेका पाइन्छ ( परिशिष्ट नं. ३, ४ र ५) ।[११३]

## ७.३. उद्योगधन्दा :

नेवार समुदायको महत्वपूर्ण व्यवसाय उद्योगधन्दा हो । यस क्षेत्रमा कुल ६ घर परीवारले उद्योगद्यन्दा व्यवसाय अपनाएका छन् (परिशिष्ट नं.३, ४ र ५) । केही प्रतिष्ठित नेवार समुदाय डम्वरवहादुर श्रेष्ठ, लेखमान श्रेष्ठ, बजिरमान श्रेष्ठ, नरेन्द्रमान श्रेष्ठ, योगेन्द्रमान श्रेष्ठ, गोपाल वहादुर श्रेष्ठ आदि व्यक्तिहरूले केही वर्ष अगाडि विस्कुट, चक्लेट, चामल, तोरी, चिउरा कुट्ने उधोग संचालन गरेका छन् । आजभोली फलाम, ब्लक, फर्निचर उधोगहरू संचालन गरेको पाइन्छ । त्यस किसिमका उद्योगबाट उत्पादन भएका वस्तुहरू स्थानीय बजारको साथै छिमेकी जिल्लाहरूमा खपत हुने गर्दछ ।

---

[११२] श्री गणेश बहादुर श्रेष्ठ, बर्ष ६५, सँगको अन्तरवार्तामा आधारित ।

[११३] श्री अमृत कुमार श्रेष्ठ, बर्ष ४२ सँगको अन्तरवार्तामा आधारित ।

## ७.४. व्यापार व्यवसाय :

पहिला-पहिला राजधानी जाने आउने पुरानो मार्ग कुँडहर नै थियो । विभिन्न किसिमका व्यापारिक कार्यहरू हुने क्षेत्र मध्येको एक क्षेत्र हो । पृथ्वी राजमार्ग निमार्ण नभईञ्जेल हालको लेखनाथ नगरपालिकाको गााउहरूबाट विभिन्न कृषि उत्पादन गरिएका वस्तुहरू खरिद-विक्री गर्ने प्रमुख स्थलको रुपमा चिनिन्थ्यो । आजभोलि त्यस किसिमका कार्यहरू नभएतापनि समय र परिस्थिति अनुसारको व्यापार यस क्षेत्रका नेवार समुदायले गर्दै आएका छन् । नेवार समुदायको महत्वपूर्ण व्यवसाय व्यापार नै हो । यस क्षेत्रका कुल ८० परीवार मध्य ४३ परीवारले व्यापार व्यवसाय अपनाएका छन् । यहाँका गयामान श्रेष्ठ, काशिमान श्रेष्ठ, कमलमान श्रेष्ठ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारमा समेत संलग्न छन् । अन्य व्यक्तिहरू राष्ट्रिय तथा स्थानीय क्षेत्रको व्यापारमा संलग्न भएको पाइन्छ । निर्माण सामाग्री, खाध्य तथा अन्य थुप्रै वस्तुहरू व्यापार व्यवसायमा संलग्न भएका पाइन्छन् । यहाँको मानिसहरूको आम्दानीको प्रमुख स्रोतको रुपमा व्यापार व्यवसाय बनेको पाइन्छ ।[ज्ञज्ञद्ध]

## ७.५. नोकरी :

यहाँका नेवार समुदायका केही मानिसहरूले सरकारी तथा निजि क्षेत्रमा काम गरेको पाईन्छ । यहााका कुल ८० परीवार मध्ये १० घर-परीवारले नोकरी पेशा अपनाएका पाइन्छ ( परिशिष्ट नं. ३, ४ र ५) । यहाा सरकारी नोकरीको तुलनामा निजी क्षेत्रमा वढीले नोकरी खाएका देखिन्छन् । यस क्षेत्रका नेवारहरू बैक, हुलाक, प्रशासन, सेना, स्वास्थ्य आदि क्षेत्रमा नोकरी खाएका पाइन्छन् भने निजि तर्फ औद्योगिक क्षेत्रमा स्थापित विभिन्न उद्योग तथा कलकारखानामा कार्य गर्दै आईरहेका छन् ।

## ७.६. ज्याला मजदुरी :

केही नेवार समुदायहरूले विहान, बेलुकाको छाक टार्नका लागि ज्याला मजदुरीलाई आर्थिक स्रोतको रुपमा अगाालेका छन् । यस समुदायका १ घर

---

[११४] श्री बद्री नारायण श्रेष्ठ, बर्ष ३९ सँगको अन्तरवार्तामा आधारित ।

परीवार मात्र ज्याला र मजदुरी गरेर जीवन यापन गरेको देखिन्छ ( परिशिष्ट नं. ३, ४ र ५) । यस पेशामा संलग्न केही नेवार समुदायहरू काठको काम गर्ने, घर बनाउने, खेतमा आठा कान्ला बनाउने, खेत खन्ने, असारमा बाउसे भई काम गर्ने, पानी लगाईदिने, दाई हालिदिने, औधौगिक क्षेत्रमा गई ज्यालादारी आदिमा काम गरेको पाइन्छ । यसैबाट आएको रकमबाट आफ्नो जीविका चलाउादछन् ।

## ७.७. बैदेशिक रोजगार :

नेवार समुदायका मानिसहरूका महत्वपूर्ण आर्थिक क्रियाकलाप बैदेशिक रोजगार पनि हो । यस क्षेत्रमा ७ घर परीवार वैदेशिक रोजगारसाग आवद्ध रहेका देखिन्छ (परिशिष्ट नं. ३, ४ र ५) । आजभोलि खास गरी बैदेशिक रोजगार यस क्षेत्रका युवाहरूको आर्कषक रोजाई बनेको छ । यस क्षेत्रका धेरैजसो युवाहरू अरेवियन मुलुक, अष्ट्रेलिया, बेलायत तथा अमेरिका जस्ता मुलुकहरूमा कामको सिलसिलामा गएका छन् । जुन यस क्षेत्रका मानिसहरूको महत्वपूर्ण आर्थिक स्रोतको रुपमा रहेको छ ।

समग्रमा भन्नुपर्दा यस कुाडहर क्षेत्रमा बसोबास गर्ने नेवार समुदायका आर्थिक क्रियाकलापहरूमा व्यापार, कृषि, उद्योगधन्दा, नोकरी, ज्याला मजदुरी र बैदेशिक रोजगार नै प्रमुख हुन् । अधिकाांश यस क्षेत्रका मानिसहरू व्यापार व्यवसायमा नै संलग्न रहेका छन् भने कृषि, उद्योगधन्दा, नोकरी, बैदेशिक रोजगार पनि यहााका मानिसहरूले अपनाएका छन् । व्यापारमा स्थानीय बजार देखि अर्न्तराष्ट्रिय बजारसम्म व्यापार गरेका छन् । जसले गर्दा यस क्षेत्रका मानिसहरूको आम्दानीको स्रोतहरू बढ्न गई जीवनस्तरमा सुधार आएको पाइन्छ ।

# परिच्छेद-आठ

## ८. राजनैतिक अवस्था :

नेपाली समाजमा प्राचिनकालदेखि वर्तमानसम्म निश्चित जातजाति, धर्म तथा संस्कृतिको आधारमा आफ्नै राजनैतिक पहिचान गराइएको पाईदैंन । तर विभिन्न जातजाति तथा धर्मको आधारमा एक धर्म र जातले अर्को धर्म र जातलाई आघात नपुऱ्याइकन आपसी मेलमिलापका साथ आ-आफ्नै सांस्कृतिक पहिचान गराएको पाइन्छ । नेपाली समाजमा कुनै पनि संस्कृति र धार्मिक समुहहरूले आ-आफ्नै जात तथा धर्मको आधारमा चुनावमा भाग लिने र धर्मको आधारमा राजनैतिक पहिचान गराएको पाईदैन । ऐतिहासिक दृष्टिकोणबाट अध्ययन गर्दा नेपालको ईतिहासमा कहिल्यै पनि हिन्दु, बौद्ध, मुस्लिम धर्म र अन्य जातिय सम्प्रादायिक आधारमा राजनैतिक अधिकार प्राप्त गरी राजनैतिक पहिचान गराएको पाईदैन । यहााका विविध जातजाति तथा धर्मावलम्वीहरू एक आपसमा मिलेर सिगो नेपाली राष्ट्रिय राजनैतिक संस्कृतिको पहिचान गराउनमा “हामी नेपाली र हाम्रो देश नेपाल” भन्दै एकताका केन्द्रविन्दुमा मुलुकलाई राखेर नेपालीको पहिचानलाई विश्वका कुना-काप्चा सम्म पुऱ्याउँदै आएका छन् । नेपाल सरकारले सबै जात जाति र धर्मावलम्बीहरूलाई समान सम्झी त्यसै अनुरुप नेपालको राजनैतिक संस्कृतिमा समाहित गरेको पाइन्छ ।

पञ्चायत शासनकालमा ब्राह्मण र क्षेत्रीको मात्र वाहुल्यता भएकोले अन्य जातजाति र धर्मावलम्विहरू पनि शिक्षित हुादै गएपछि नेपालको राजनितिमा भाग लिन थालेको पाइन्छ । देशमा पञ्चायती व्यवस्थाको अन्त्य पछी यस क्षेत्रको वडा स्तरीय स्थानीय निर्वाचनमा नेवार समुदायको प्रतिनिधित्व रहेको थियो । हरेक निर्वाचनमा नेवारहरूले यस क्षेत्रको प्रतिनिधित्व गरेको देखिन्छ । नेवार समुदायबाट राष्ट्रिय राजनीतिमा सहभागी नभएता पनि जिल्लास्तरीय राजनीतिमा महत्वपूर्ण भूमिका रहेको देखिन्छ । डिठ्ठा चन्द्रमान श्रेष्ठ, दुर्गामान श्रेष्ठको घर त्यसबेलाको राजनीतिक केन्द्रविन्दुको रुपमा रहेको थियो । राणाशासनको विरुद्धमा नेपाली कांग्रेसले गर्ने आन्दोलनको बारेमा चर्चा परीचर्चा गर्नका लागि महेन्द्रपुल लगायत अन्य ठाउका राजनीतिज्ञहरू यस

क्षेत्रमा व्यापकरुपमा उपस्थित हुन्थ्यो । जसमा, लक्ष्मण कार्की, द्धारीका कार्की, करुणनिधि कोईराला, धीरवहादुर गुरुङ, मिनवहादुर गुरुङ आदि साथै नेपाली कांग्रेसका नेता श्री गणेशमानसिंह श्रेष्ठको उपस्थिति पनि बेला-बेलामा हुने गर्दथ्यो ।[११५] यस क्षेत्रका नेवार समुदायहरू प्रजातन्त्र, जनताका मौलिक हक अधिकार प्राप्त गर्न अत्यन्त सजग रहेछन भन्ने कुरा त्यस किसिमका क्रियाकलापहरूबाट पनि बुझ्न सकिन्छ ।

## ८.१. नेपालको प्रमुख राजनीतिक परिवर्तनमा यस समुदायको भूमिका :

नेपालको भौगोलिक विकटता, विविध साँस्कृतिक, जाती र धर्मको कारणले गोर्खा राज्यको विस्तार एवं एकीकरण भए पछि सिंगो नेपाल तुरुन्तै स्वीकार गरेनन् । विभिन्न राज्य रजौटाहरूले बेलाबेलामा विद्रोह गरे । पृथ्वीनारायण शाहले पश्चिम नेपालको सिमाना पाल्पा र पूर्वी सीमाना टिष्टासम्म पुऱ्याएता पनि राज्य संचालनमा पृथ्वीनारायण शाहको पालादेखि खिचलो उत्पन्न भएको पाइन्छ । पृथ्वीनारायण शाहको मृत्युपछि काका भतिजा प्रतापसिंह शाह र दलजित शाह बीचमा मेलमिलाप थिएन । त्यसपछि देवर भाउजू वहादुर शाह र राजेन्द्र लक्ष्मी बीचको मनमुटावले राजनैतिक अस्थिरता कायम गऱ्यो । यही राजनीतिक अस्थिरताबाट फाईदा उठाई वि.सं. १९०३ मा जंगवहादुर राणाले नेपालको सम्पूर्ण अधिकार आफ्नो हातमा लिए । यसरी नेपालमा एक सय चार वर्षको निरङ्कुश जहाानीय राणाशासनको प्रारम्भ भयो । एक सय चार वर्षिय निरङ्कुश जहाानीयाा राणाशासन पनि नेपाली जनताको त्याग र बलिदानको अगाडी टिक्न सकेन ।

यहाँका वहुसंख्यक नेवार समुदायहरू प्रजातान्त्रिक विचारधारासंग निकट भएको हादा नेपाली कांग्रेसको सिद्धान्त र विचारधाराप्रति आस्था भएको देखिन्छ । त्यसैले होला जसरी हरेक प्रजातान्त्रिक आन्दोलनमा काठमाडौ उपत्यकाका नेवारहरूको महत्वपूर्ण भुमिका रहृयो ठिक त्यसै गरी यहाँका नेवार समुदायहरूको उल्लेखनीय भूमिका रहेको देखिन्छ । १०४ वर्षको निरङ्कुस जहानियाा राणाशासनको विरुद्धमा चालिएका हरेक अभियानमा यस क्षेत्रका नेवार

[११५] श्री युक्त बहादुर श्रेष्ठ, वर्ष ७७ सँगको अन्तरवार्तामा आधारित ।

समुदायका प्रतिष्ठित व्यक्तिहरू डिठ्ठा चन्द्रमान श्रेष्ठ, दुर्गामान श्रेष्ठ, मोतिकुमार श्रेष्ठ, बुद्धिमान श्रेष्ठ, मेहरमान श्रेष्ठ, शनकमान श्रेष्ठ, दुर्गालाल श्रेष्ठ, रमानाथ सिग्देल, रमेशकान्त सिग्देल, दमाई कान्छा लगायतका आदि व्यक्तिहरूले नेपाली कांग्रेसको आव्हानमा गरिएको आन्दोलनमा भाग लिदै तत्कालिन यस क्षेत्रका राणाको तर्फबाट इन्चार्ज रहनुभएका धनशमशेर राणाको दरवार घेर्न गएका थिए । जसको नेतृत्व डिठ्ठा चन्द्रमान श्रेष्ठ र दुर्गामान श्रेष्ठले गरेका थिए । जसमा दुवै पक्ष विचमा ठूलो भिडन्त भएको थियो । उनीहरू पछि हालको तुलसीघाटनेरको सेती नदीलाई पार गरी फर्केका थिए ।[116] यसै गरी २००७ साल भन्दा अगाडि र २००७ साल पछि नेपाली काग्रेसको पश्चिम क्षेत्रको संगठन विस्तार गर्ने अभियान होस वा राणा शासनको विरुद्धमा चालिएका हरेक कदममा नीति निमार्ण देखि रणनिति बनाउनको लागि यस क्षेत्रका प्रतिष्ठित समाजसेवी तथा राजनीतिज्ञ व्यक्ति दुर्गामान श्रेष्ठको घरमा नेता गणेशमानसिंह श्रेष्ठ, सुवर्ण शम्शेर, मिनवहादुर गुरुङ, श्रीभद्र शर्मा, श्रीकान्त अधिकारी, गोवर्धन पोखेल, बेदनाथ पनेरु भोजराज सुबेदी लगायतका नेताहरूको आगमनस्थलको रूपमा परिचीत रहेको पाइन्छ । यिनै नेताहरूको आगमन र साथको कारणले गर्दा नेवार समुदायहरूले २००७ सालको क्रान्तिमा आफ्नो परिवार र व्यक्तिगत स्वार्थ नराखिकन पूर्णरुपमा प्रतिवद्ध भई राणा विरोधी आन्दोलनमा लागेका थिए ।

यसैगरी २००७ सालको क्रान्ति सफल भएपछि पनि प्रजातन्त्र जोगाउनको लागि यहाँका नेवार समुदाय अत्यन्त सचेत भएको देखिन्छ । जसको कारण वि.सं. २०१५ सालको प्रथम आम निर्वाचनमा धेरै मत प्रजातन्त्रको पक्षमा खसेको थियो ।[117] वि.सं. २०१५ सालको आम निर्वाचनको समयमा पोखरामा आयोजित चुनावी आमसभामा खुकुरी दलका कार्यकर्ताहरूसाग ठूलो भिडन्त गरी नेता वि.पि. कोइरालालाई बचाउने कार्य गरेका थिए । जसमा मोतीकुमार श्रेष्ठ, बुद्धिमान श्रेष्ठ, मेहरमान श्रेष्ठ, डिलवहादुर श्रेष्ठ लगायतका मियाा तथा ढेवाजू दाजुभाईहरूले सक्रिय भुमिका खेलेका थिए ।[118] वि.सं. २०१५ सालको आम निर्वाचनबाट निर्वाचित विश्वश्वरप्रसाद कोइरालाको सरकार अपदस्त गरी वि.सं.

---

[116] ऐजन ।

[117] श्री पुलेन्द्रमान श्रेष्ठ, वर्ष ६६ सँगको अन्तरवार्तामा आधारित ।

[118] श्री बजिरमान श्रेष्ठ, वर्ष ६० सँगको अन्तरवार्तामा आधारित ।

२०१७ सालबाट निरङ्कुश पञ्चायती व्यवस्थाको प्रार्दुभाव भयो । त्यस कदमका विरुद्धमा यस क्षेत्रका नेवार समुदायले निरङ्कुशताको विरुद्धमा आफ्नो मत अघि सार्ने काम गरेका थिए । सबै साथीहरूको तितर-वितर र पारिवारीक जिम्मेवारीको कारणले गर्दा केही निष्कृयता देखिएतापनि भित्रभित्रै निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धमा अभियान सञ्चालन गरि रहे । यस अवधिमा पंचायती सरकारले यस क्षेत्रका नेवार समुदायहरू प्रति व्यक्तिगत रिसइवी साध्ने काम गऱ्यो । जसको कारणबाट यहाँका नेवार समुदायका केही परीवारले दुख झेल्नु परेको थियो । वि.सं. २०३० सालदेखि अरण्यज्योति पुस्तकालयको पुनस्थापन सागै यसको माध्यमबाट समाजमा प्रजातान्त्रिक विचारलाई जनमानसमा पुऱ्याउने र पञ्चायति व्यवस्थाको विरुद्धमा संघर्ष गर्ने कार्यका नेतृत्व नेवार युवाहरूले लिएका थिए ।[119]

समयको परिवर्तन सागसांगै नेपालको राजनीतिमा बाहिरी संसारको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पर्दै गयो । जसको कारणले गर्दा वि.सं. २०३६ सालको विद्यार्थी आन्दोलन, वि.सं. २०३७ सालको जनमत संग्रह सम्पन्न गराउन र बहुदलीय पक्षलाई विजयी गराउने अभियान तथा नेपाली कांग्रेसका नेता वि.पि.कोइरालाको सुरक्षा गर्न र चुनावी कार्यक्रमलाई सफल बनाउनमा यहाँका युवाहरूको अत्यन्त महत्वपूर्ण भूमिका रहेको थियो ।[120] जनमत संग्रहको चुनावी अभियान अन्तर्गत स्याङ्जा जिल्लाको सदरमुकाम पुतलीबजारमा भएको नेपाली कांग्रेसको कार्यक्रम जहा वि.पि.कोइरालाले सम्वोधन गर्ने कार्यक्रमको सफलताको लागि यस क्षेत्रबाट त्यसबेलाको समयमा तीन बस भरी युवाहरू योगेन्द्रमान श्रेष्ठको नेतृत्वमा गएका थिए । जसमा मथुरा श्रेष्ठ, बावुलाल श्रेष्ठ, चेतवहादुर श्रेष्ठ, राजेन्द्र सिग्देल आदि हुनुहुन्थ्यो ।[121]

विभिन्न जाल झेल गरी निरङ्कुश पंचायती व्यवस्थाले नै निन्तरता पायो । यसको करीव एक दसकपछि नेपाली कांग्रेसको सत्याग्रहमा पनि यस क्षेत्रका नेवार समुदायका प्रतिष्ठित व्यक्तिहरू सनकमान श्रेष्ठ र पुलेन्द्रमान श्रेष्ठ सत्याग्रहमा भाग लिई जेल समेत जानुभएको थियो ।[122]

---

[119] श्री योगेन्द्रमान श्रेष्ठ, वर्ष ५३ सँगको अन्तरवार्तामा आधारित ।

[120] ऐजन ।

[121] श्री राजेन्द्र प्रसाद सिग्देल, वर्ष ५५ सँगको अन्तरवार्तामा आधारित ।

[122] श्री नरेन्द्रमान श्रेष्ठ, वर्ष ५५ सँगको अन्तरवार्तामा आधारित ।

निरङ्कुश पञ्चायती व्यवस्थाले विभिन्न बाधा र अवरोधका विचमा पनि ३० वर्ष काट्न लागेको थियो । पंचायती व्यवस्थाको विरुद्धमा सम्पूर्ण नेपाली जनता एकजुट भईरहेको सन्दर्भमा यहाँका नेवार समुदाय अछुतो रहन सकेन । यसै क्रममा पञ्चायती व्यवस्थाको विरुद्धमा नेपाली काग्रेसले गर्ने आन्दोलनको रणनीति तयार गर्ने उद्धेश्यले आयोजित गणेशमान सिंहको नेतृत्वमा उनकै घरमा प्रतिकूल समयमा आयोजित भेलामा यहाँका नेवार समुदायहरूले आफ्नो ज्यान र परिवारको वास्ता नगरिकन भाग लिई फर्केका थिए । जसमा सनकमान श्रेष्ठ, पुलेन्द्रमान श्रेष्ठ आदि थिए । उक्त भेलाले नै २०४६ साल फागुण ७ गते देखि आन्दोलन गर्ने निर्णय गर्ना साथ आन्दोलनका लागि गोप्यरुपमा पर्चा टाास्ने, पञ्चायती व्यवस्थाको विरुद्धमा मसाल जुलुस निकाल्ने, नाराबाजी गर्ने अभियान प्रारम्भ भएको थियो । जसको कारणले सनकमान श्रेष्ठ, पुलेन्द्रमान श्रेष्ठलाई पञ्चायती सरकारले जेलमा हाल्यो । तर पनि त्यसका विरुद्धमा मसाल जुलुस निकाल्ने, न्याली निकाल्ने आदि कार्यमा अझ तिव्रता आयो त्यसबेला अन्य समुदायहरूले पनि साथ दिएका थिए ।[१२३]

वि.सं. २०४६ सालमा निरङ्कुश पंचायती व्यवस्थाको अन्त्यपछि प्रारम्भ भएको वहुदलीय व्यवस्थाको पुर्नस्थापनपछि बनेका सरकारहरूको भूमिका, पाटीको निति तथा कार्यक्रमहरू देश र जनताका पक्षमा नहुनु, सत्ताको लागि हानाथाप र लुछाचुडी गर्ने प्रवृत्तिको कारणले गर्दा केही वितृष्णा उत्पन्न भएको देखिन्छ । प्रजातन्त्र, राष्ट्रियताको लागि भने कहिल्यै पनि यस क्षेत्रका नेवार समुदायहरू शिथिल देखिएनन् । जसको परिणाम स्वरुप दिगो शान्ति, लोकतन्त्रको स्थापना र निरङ्कुश राजतन्त्रको अन्त्य आदि उद्धेश्य राखेर प्रारम्भ गरिएको जनआन्दोलन भाग दुई वि.सं. २०६२/६३ मा प्रत्यक्ष रुपमा युवा, वृद्ध, महिला लगायत आमा समुहहरूको प्रत्यक्ष सहभागी रहेको देखिन्छ । यस क्षेत्रका नेवार समुदायले राजा ज्ञानेन्द्रको निरङ्कुशता र स्वेच्छाचारीताको विरुद्धमा मन, वचन र कर्मले सहयोग गरी सफल बनाउनमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

समग्ररुपमा माथि उल्लेखित घटनाक्रमलाई नियालेर हेर्दा नेपालमा प्रारम्भ भएको हरेक महत्वपूर्ण राजनीतिक घटनाक्रमहरूमा यस क्षेत्रका नेवार समुदायहरूले कुनै न कुनै रुपमा उल्लेखनीय र महत्वपूर्ण भूमिका निर्वाह गरेको

[१२३] पूर्ववत् पाद्टिप्पणी नं. ७ ।

देखिन आउँछ । यद्धपी वर्तमान समयमा पनि स्थानीयदेखि जिल्लासम्मको राजनीतिमा यस क्षेत्रका नेवार समुदायको महत्वपूर्ण भूमिका रहदै आएको छ ।[१२४]

---

[१२४] पूर्ववत् पाद्टिप्पणी नं. ५ ।

# परिच्छेद-नौं

## ९. कुडहर क्षेत्रका नेवार समुदाय र **पोखराका** अन्य नेवार समुदायमा पाईने भिन्नता :

नेपाल अधिराज्यका नेवारहरू हिन्दु र बौद्ध दर्शनबाट प्रभावित भएको पाइन्छ । नेपाल अधिराज्य भित्रका नेवार समुदायहरूको तुलनामा यहाँका नेवार समुदायहरू आफ्नो संस्कृति, परम्परा र मुल्य मान्यताप्रति समय सापेक्षिक परिवर्तन हुनुपर्छ भन्ने मान्यतालाई अगालेका पाईन्छ । यहाँका नेवारहरू अन्य धर्मावलम्वीहरूसाग समाजमा नजिक भएता पनि उनीहरूको आफ्नै मौलिक संस्कृतिप्रति गर्व र त्यसलाई निरन्तरता दिदै आएको पाईन्छ । यहाँका नेवारहरूले लगाउने पोशाकमा खासै त्यस्तो नियम भने पाईदैन । महिलाहरू परिवारको स्वीकृति विना घरबाहिर स्वतन्त्रपूर्व घुमफिर गर्दैनन् । महिलाहरू पुरुष समाजप्रति आस्थावान भएको कारणले गर्दा एक्लै व्यवसाय गरेको पाईदैन । तर कृषि कार्यमा भने उनीहरू अगाडि रहेको पाईन्छ । घरायसी कामदेखि मेलापात, गाईगोठका काममा भने उनीहरूकै बर्चस्व रहेको पाइन्छ । यिनीहरूले मनाउने चाडपर्व मनाउादा पोशाकसंग सम्वन्धित गर-गहनाहरू लगाउँछन् । यहााका नेवारहरूले आफ्नो पुर्ख्यौली पोशाकको प्रयोग पुरुषहरूले गरेको पाइदैन । सादा सर्ट, पेन्ट, टिसर्ट, कोट, इस्टकोट, दौरा सुरूवाल आदि लगाउँछन् । महिलाहरू लुंगी, सारी , चोलो, ब्लाउज अदि लगाउँछन् । अन्य क्षेत्रका नेवार समुदायहरू बौद्ध धर्मप्रति आस्थावान भएको देखिन्छ भने यस क्षेत्रका धेरै जसो नेवारहरू हिन्दु धर्मप्रति नै आस्थावान रहेको छ । नेवारको स्वभावमै व्यापार गर्ने स्वभाव भएको हादा यस क्षेत्रका नेवारहरूमा व्यापार कार्यमा बढी संलग्नता भएको पाइन्छ भने अन्य पेशामा कम सहभागिता रहेको छ । समग्ररुपमा कुडहर क्षेत्रका नेवार समुदाय र पोखराका अन्य नेवार समुदायमा पाइने भिन्नतालाई बुादागतरूपमा यसरी प्रस्तुत गरीएको छ ।

- यस क्षेत्रका ९५ प्रतिशत भन्दा वढी नेवारहरू यसै क्षेत्रमा बसोबास गर्दछन् भने बााकी अन्य व्यापारको सिलसिलामा अन्यत्र गई बसेका

देखिन्छन् । पोखराको अन्य क्षेत्रका धेरै जसो नेवारहरू व्यापारको सिलसिलामा देश-विदेश गई बसोवास गरेका छन् ।

८ यस क्षेत्रका नेवारहरूको मुख्य पेशा व्यापारको साथै कृषि पनि हो भने अन्य पेशाको रूपमा उद्योग, मजदुरी, नोकरी, पशुपालन आदि मानिन्छ । भने पोखराका अन्य क्षेत्रका नेवार समुदायहरूले वढीमात्रमा व्यापार, उद्योग तथा नोकरीलाई आफ्नो प्रमुख पेशा मानेका छन् ।

८ यस क्षेत्रका नेवारहरू संयुक्त परीवारको मान्यतमा आधारित छैन । तर पोखराको अन्य क्षेत्रका नेवार समुदायमा संयुक्त परीवारको मान्यता यद्धपी रहेको पाईन्छ ।

८ यस क्षेत्रका नेवार समुदायमा धेरै मात्रामा मागी विवाह हुन्छ । यसको सबै व्यवस्था बावु आमाले बन्दोबस्त मिलाइदिनुपर्छ तर पोखराका अन्य क्षेत्रका नेवार समुदायहरूमा मागी विवाहको साथ-साथै प्रेम विवाह र अन्तरजातिय विवाह वढ्दो मात्रामा रहेको छ ।

८ यस क्षेत्रका नेवार समुदायमा छोरीहरूको विवाह चाँडै गरिन्छ भने पोखराको अन्य क्षेत्रमा ढिलो गरिन्छ ।

८ यहाँका नेवारहरूका आफ्नो मातृभाषाको रुपमा नेवारी भाषालाई घरायसी तथा आफन्तहरूका माझमा अत्यन्त न्यून प्रयोग गरेको पाइन्छ । तर पोखराको अन्य क्षेत्रमा वढीमात्रामा प्रयोग गरेको पाइन्छ ।

८ कुँडहरका नेवार समुदायहरूमा धार्मिक, साँस्कृतिक क्षेत्रमा केही खुकुलो भएको पाइन्छ भने पोखराको अन्य क्षेत्रमा बसोबास गर्ने नेवार समुदायमा धार्मिक, साँस्कृतिक क्षेत्रमा खुकुलो भएको पाइदैन् ।

८ यस क्षेत्रका नेवार महिलाहरूले नेवारी गहनाहरू कम मात्रामा प्रयोग गरेको पाइन्छ भने पोखराका अन्य क्षेत्रमा बसोबास गर्ने नेवार समुदायका महिलाहरूले वढी मात्रामा प्रयोग गर्दछन् ।

८ यस क्षेत्रका नेवार समुदायमा नेवारी खानाको प्रयोग कम मात्रमा गरेको पाईन्छ भने पोखराको अन्य क्षेत्रमा बसोबास गर्ने नेवारी समुदायहरूले नेवारी खानको प्रयोग वढि मात्रामा गरेको देखिन्छ ।

८ यस क्षेत्रमा बसोबास गर्ने नेवारी समुदायका रहन-सहन र संस्कारहरूमा पश्चिमी संस्कृतिको प्रभाव अत्यन्त न्यून परेको छ भने पोखराको अन्य क्षेत्रका नेवार समुदायमा पश्चिम संस्कृतिको प्रभाव वढि परेको देखिन्छ ।

८ यहााका नेवार समुदायले आफनो संस्कार र परम्परालाई जोगाउने सर्न्दभमा खासै त्यस्तो कार्यक्रमहरू संचालन गरेको पाईदैन् भने पोखराको अन्य क्षेत्रमा बसोवास गर्ने नेवार समुदायहरूले संस्कार र परम्परालाई जोगाउनको विशेष कार्यक्रम संचालन गर्दै आएको पाइन्छ ।

## ९.१. कुडहर क्षेत्रका नेवार समुदायमा पाइएका विशेषताहरू :

यस क्षेत्रका सम्पूर्ण नेवारहरू काठमाण्डौं चाागुनारायण तथा भक्तपुरबाट आएका हुादा उनीहरूमा कहि नं कहि त्यस क्षेत्रका नेवारहरूको प्रभाव परेको देखिन्छ । करीव २५० वर्षको इतिहास बोकेका यस क्षेत्रका नेवार समुदायहरू केही आफ्नै किसिमको मौलिक विशेषताहरू रहेका छन भने केही काठमाण्डौं चाागुनारायण तथा भक्तपुरका नेवार समुदायहरूको प्रभाव खासगरी संस्कार र चाडपर्वहरूमा देखिन्छ । यस क्षेत्रका नेवारहरू समुदायमा पाइएका प्रमुख विशेषताहरू निम्न छन् ।

८ नेवारहरू नै यस क्षेत्रमा बसोबास गर्ने मुसलमान, ब्राह्मण पछिको जातिको रूपमा रहेका छन् । यिनीहरू पोखरा प्रवेश गरेको समय कहिले हो भन्ने एकिन नभएता पनि वि.सं. १८२६ मा निर्मित भीमसेन मन्दिरको स्थापना भएको स्रोत अनुसार करीव २५० वर्ष पुरानो समुदायको रुपमा चिनिन्छन् ।

८ प्राय गरेर यस क्षेत्रका नेवारहरू जीवनचर्याको शिलसिलामा, व्यापारको सर्न्दभलाई लिएर तथा कठिन सांस्कृतिक परम्परालाई थेग्न नसकेर पोखरा आएका र तनहु ढोरफेदीबाट गौडा सर्दै जाने क्रममा कुडहर आई बसेका हुन ।

८ यस क्षेत्रका नेवारहरूको मुख्य पेशा व्यापारको साथै कृषि पनि हो भने अन्य पेशाको रूपमा उद्योग, मजदुरी, नोकरी, पशुपालन आदि मानिन्छ ।

८ यस क्षेत्रका नेवारहरू संयुक्त परीवारको मान्यतमा आधारित छैन ।

- ८ यस क्षेत्रका नेवार समुदायमा धेरै मात्रामा मागी विवाह हुन्छ । यसको सबै व्यवस्था बावु-आमाले बन्दोबस्त मिलाइदिनुपर्छ ।
- ८ यस क्षेत्रका नेवार समुदायमा छोरीहरूको विवाह चााडै गरिन्छ ।
- ८ नेवारहरूका आफ्ना मातृभाषाको रुपमा नेवारी भाषालाई घरायसी तथा आफन्तहरूका माझमा अत्यन्त न्यून प्रयोग गरेको पाइन्छ ।
- ८ नेवार समुदायहरूमा धार्मिक, साास्कृतिक क्षेत्रमा केही खुकुलो भएको पाइन्छ ।
- ८ नेवारी महिलाहरूले नेवारी गहनाहरू कम मात्रामा प्रयोग गरेको पाइन्छ
- ८ आफनो संस्कार र परम्परालाई जोगाउने सर्न्दभमा खासै त्यस्तो कार्यक्रमहरू संचालन गरेको पाईदैन् ।
- ८ यस क्षेत्रका अधिकांश नेवारहरूले राागो अर्थात पाडोलाई काटेर खाने प्रचलन अधिक रहेको पाइन्छ ।
- ८ यस क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण नेवार समुदाय हिन्दुधर्मलाई मान्दछन् र सम्पूर्ण संस्कारहरू पनि हिन्दु धर्ममा आधारित भएर गर्दछन् ।
- ८ यहाा खासगरी श्रेष्ठ थर भएका नेवार समुदायहरूको वाहुल्यता रहेको छ
- ८ यहााका नेवारहरू जिन्द्रे परीवार, चौधरी परीवार र अन्य समुदाय गरी तीन समूहमा विभाजन भएको पाइन्छ ।

# परिच्छेद-दश

## १०. निष्कर्ष :

प्राचीन कालदेखि नै नेपाल एक सुन्दर, बहुजातिय, बहुभाषिक, धार्मिक सहिष्णुता र बहुसंस्कृति भएको मुलुक हो । राष्ट्रिय एकतामा शरीर बलिदान दिने बीर बीरङ्गनाहरूको थलो र ऋषिहरूको तपोभूमिको रुपमा नेपाल प्राचिन कालबाटै चिनिदै आएको छ । चार वर्ण छत्तिस जातको साझा फूलबारी नेपालमा बसोबास गर्ने मानिसहरू सबै एकै मुलका छैनन् । नेपाली समाजको विविध समुदायहरू मध्ये विकसित समुदाय मध्ये नेवार समुदाय पनि एक हो ।

नेपाल अधिराज्यको मध्य भागमा रहेको पोखराको कुडहर एउटा छुट्टै विशेषता भएको महत्वपूर्ण प्राचीन ऐतिहासिक स्थल हो । यहाा अलग धार्मिक, साास्कृतिक परम्परालाई पछ्याएका वासिन्दाहरूको विचमा एउटा भिन्न र पृथक मुल्य र मान्यताको विचमा रहेका नेवार समुदायको वस्ती रहेको छ । दक्षिण तर्फबाट नेपाल प्रवेश गरेका नायरहरू नै नेपालका नेवारहरू हुन् । यीनै नेवारहरूका पूर्खाहरू नेपाल एकिकरण अगाडि र पछाडी राजनीतिक कारण, डरलाग्दो रोगको कारण, व्यापारको कारण, कठिन र जटिल नेवारी संस्कृतिलाई अपनाउन नसक्दा उपत्यका छाडेर पश्चिमतर्फका गौडा सर्ने क्रममा यस क्षेत्रमा आई बसोबास गरेको पाइन्छ । यस क्षेत्रमा पहिला धेरै डहर भएको कारणबाट कुडहर रहन गएको किंवदन्ती पाइन्छ ।[ज्ञद्दछ] त्यस क्षेत्रमा सबैभन्दा पहिला मुसलमानहरू आएर बसोबास गरेतापनि त्यस पश्चात ब्राह्मण अनि नेवारहरू आइ बसोबास गरेका हुन् । यस क्षेत्रका नेवारहरूको आफ्नै किसिमको भाषा, धर्म, संस्कृति र परम्परा छ । त्यसैले यस ठाउले महत्वपूर्ण विशेषता बोकेको छ । यहाँको नेवार समुदायहरूले हिन्दु धर्म मान्दछन । यीनिहरू खास गरी गणेश र भीमसेन भगवान माथि विश्वास राख्दछन् भने अन्य देवी-देवताहरूको पूजा-आजा पनि गर्दछन् । यो समुदायमा धार्मिक कट्टरता छैन् । यस क्षेत्रका नेवार समुदायहरू यस क्षेत्रका विकास निमार्ण कार्यमा अहिलेसम्म पनि नेतृत्व लिदैं

[१२५] अनिता गुरुङ्ग, **श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिको एक अध्ययन,** स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि.वि., वि.सं. २०६२, पृ. १६ ।

आईरहेका छन् । अहिले यस समुदायका धेरै मानिसहरू व्यापार तथा व्यवसाय गर्नुपर्छ भन्ने मान्यताका साथ अगाडि बढिरहेको छ ।

नेवारहरू बढीमात्रामा हिन्दु धर्मबाट प्रभावित भएको हुादा उनीहरू हिन्दु धर्म संस्कारलाई नै अगाालेका पाइन्छ । यस क्षेत्रका नेवारहरू, मुसलमान, गुरुङ तथा ब्राहृमण जातिसाग मिलेर बसेका छन् । मेलापात, भोजभतेर, चााडपर्व मनाउादा एक अर्कोलाई निमन्त्रणा दिई एक आपसमा सहभागी भई एक अर्कोलाई शुभकामना दिई मनाउादछन् । आजसम्म यस क्षेत्रका छिमेकी मुसलमान, गुरुङ समुदाय र हिन्दु नेवार समुदायको बीचमा कुनै त्यस्तो ठूलो घटना घटेको छैन् । यो नै यस क्षेत्रको विशेषता हो । धार्मिक, साांस्कृतिक शहिष्णुता भएको कारणबाट एक अर्कौ प्रति विश्वास, आस्था र कदर गर्दछन् । त्यसैले यस क्षेत्रका नेवार समुदायले अन्य धर्म प्रति आजसम्म कुनै ठेस पुग्ने काम गरेको छैन । यस क्षेत्रका नेवार समुदायहरूप्रति मुसलमान धर्म तथा बौद्ध धर्म मान्ने मानिसहरूले पनि कुनै त्यस्तो बाधा अड्चन गरेको छैन । हरेक समुदायको महान पर्वको उपलक्ष्यमा शुभकामनाको व्यानर बनाई टाास गर्ने कामको प्रारम्भ पनि भएको  छ । एक अर्कोको मृत्युमा दुख व्यक्त गर्नुका साथै मलामीमा उपस्थिति हुने संस्कारले आजसम्म पनि निरन्तरता पाएको छ ।

नेपालको साांस्कृतिक इतिहासको अभियानमा एउटा छुट्टै इतिहास बोकेको समुदायमध्ये नेवार पनि एक हो । नेपाली संस्कृति भित्रको अनेक चिराहरू मध्ये एक चिरा नेवारी संस्कृति हो । नेपाली संस्कृति पनि विभिन्न धर्म, चाडपर्व, संस्कार, परम्परा आदिको सम्पूर्ण योग भएको हुादा नेपाली संस्कृतिको निमार्णमा नेवार समुदायको महत्वपूर्ण भूमिका रहेको छ । नेवारी संस्कृति भित्रपनि हिन्दु, बौद्ध, र क्रिश्चियन धर्मावलम्बीहरू छन् । जसको आ-आफ्नो परम्परा, संस्कार, चाडपर्व आदि छन् । यसो भएतापनि यी विभिन्न धर्मावलम्वीहरू विच एक आपसमा कहिल्यै पनि धार्मिक, सामाजिक तथा साास्कृतिक मत भिन्नता देखिएन बरु सबै धर्मावलम्वीहरूले एक आपसमा धार्मिक सहिष्णुता साथ एक भएर सिागों नेपाली राष्ट्रिय संस्कृतिको निमार्ण गरेका छन् । त्यसैले नेपाली संस्कृतिमा विविधता भईकन पनि एकता छ । यहि नै नेपाली संस्कृतिको महत्वपूर्ण विशेषता हो ।

## १०.१ सुझावहरू :

नेपाली समाजको अभिन्न अङ्गको रूपमा रहेको र परम्परादेखि नेपालमा बसोबास गर्दै आएका अलग धर्म, भाषा र संस्कृति अपनाउादै आएका नेवार समुदायको बारेमा इतिहास लेखनमा केही अध्ययन र अनुसन्धान भएका छन् । यसमा पनि पोखरा काुडहर क्षेत्रमा कलम चलाउने इतिहासकार, अनुसन्धानकर्ता तथा अध्ययनकर्ता ज्यादै कम मात्रामा छन् । नेपालको विविध संस्कृति तथा राष्ट्रिय, संस्कृति निमार्ण गर्न टेवा पुऱ्याउने यी समुदायको उपेक्षा गर्नु ज्यादै दुःखदायी कुरा हो । त्यसैले सबै संस्कृतिको जर्गेना गर्नुपर्दछ । यिनै साास्कृतिक सम्पदाहरू नै देशका अमुल्य सम्पति हुन् । यहि सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धनबाट नै राष्ट्रको उन्नती हुन्छ । तसर्थ यस अध्ययनको आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :-

८ नेवारी कला, संस्कृति र परम्परालाई बचाई राख्न धार्मिक सम्पदाको संरक्षण तथा सम्वर्दन गर्ने ।

८ धार्मिक तथा साास्कृतिक महत्व बोकेका सम्पदाहरूको संरक्षण गरी बैज्ञानिक ढंगले अभिलेख राख्ने ।

८ नेवारी कला र सास्कृतिलाई निरन्तरता दिन आाउदो पुस्तालाई सिकाउादै लैजाने ।

८ नेवारी संस्कृति झल्काउने, नाचहरू, चाडपर्वहरू, संस्कारहरू, बाजाहरू, गहनाहरू आदिको बारेमा प्रचार प्रसार गरी जानकारी गराउने । यसलाई जोगाई राख्नु पर्दछ भन्ने भावनाको विकास गराउने ।

८ मातृभाषाको रुपमा रहेको नेवारी भाषा जोगाउनको लागि परीवारसंग, चाडपर्व आदिमा नेवारी भाषाको प्रयोग गर्ने ।

८ नेवारी संस्कृतिको बारेमा प्रर्दशन गर्ने ।

८ नेवारी संस्कृति जोगाउनको लागि स्थानीय प्रतिस्पर्धा गराउने, संग्राहलय स्थापना गर्ने ।

८ नेवारी संस्कृति तथा परम्पराहरूमा वाहृय संस्कृतिको प्रभाव पर्दै गएको हादा यसलाई रोक्न नेवार समुदायहरू समयमै सचेत हुनुपर्दछ ।